भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्डः ०७ संख्याः ०३ मितिः २०८१/१२/१९ गते

भाग-२
भेरीगंगा नगरपालिका

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१

कार्यपालिकाबाट पारित मितिः २०८१।१२।१७

## १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा नै बहु-जातीय, बहु-भाषिक, बहु-धार्मिक, बहु-सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय,जातीय, भाषिक, धार्मिक, लैंगिक विभेद, क्षेत्रीय, र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेकोछ ।

संविधानको धारा १६ मा सबै व्यक्तिहरुको सम्मान पूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १८ मा समानताको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालअधिकार, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्टनागरीकको हक, धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक

प्रत्याभूत गरेको, धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेकाएकल महिला लगायतलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको र धारा ५१ (अ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२मा राज्यले गर्नुपर्ने दायित्वबारे व्यवस्था गरेको छ ।

त्यसै गरी राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको छ। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सिमान्तकृत वर्ग तथा समूह (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, पिछडिएको क्षेत्र आदि) लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ। त्यस्तै समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथासामाजिक सुर क्षामा कुनै भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ ।

योजनागत रुपमा राष्ट्रिय योजना आयोगले पन्धौं योजना (आ.व. २०७६/०७७-२०८०/०८१) को आधार पत्र तर्जुमा गर्दा संविधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिबद्धताहरुलाई केन्द्रमा राखेको छ। यसका साथै नेपाल सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोच (Vision) पुरा गर्न आउँदो २५ बर्षका लागि एक दीर्घकालीन सोच तयार गरेकोछ। उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा पन्धौं योजना तर्जुमा गरिएको छ । यहि तथ्यलाई ध्यानमा राखी लैंगिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएको छ। तदनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) मैत्रीशासन व्यवस्थालाई संस्थागत गर्दै महिला लगायत सबै सिमान्तकृत बर्ग तथा समूहहरुको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने, महिला विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्ने, आर्थिक सम्वृद्धि तथा दिगो विकासका लागि महिलाको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन, अवसर तथा लाभमा महिलाहरुको समान पहुँच सुनिश्चित गर्ने आदि उदेश्यहरु पन्धौं योजनाको उदेश्यको रुपमा राखिएकोछ ।







स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत रुपमा मध्यमकालीन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यबस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने भनी उल्लेख गरेको छ। माथि उल्लेखित बिभिन्न ऐन, कानून, योजना तथा नीतिगत प्रावधानहरुलाई कार्यान्वयन गर्न बिभिन्न मन्त्रालयहरुले जस्तैः स्थानीय विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०६६", संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति, २०७५", स्वास्थ्यतथा जनसंख्या मन्त्रालयको "स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिकसमावेशिकरण नीति २०६६", शहरी विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशि मार्गदर्शन, २०७०", अर्थ मन्त्रालयको "प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७, महिला, बालबालिका तथा जेष्ठनागरिक मन्त्रालयले बिभिन्न नीति, कार्यबिधि आदि जस्तैः राष्ट्रिय लैङ्गिक समानता नीति२०७७, लैंगिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल परिचालन सम्बन्धी कार्यविधि, २०७५, ज्येष्ठ नागरिक, अपांगता भएका ब्यक्ति, महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तह मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६, अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७, आदि तयार गरि कार्यान्वयन भईरहेको अवस्था छ। अन्तर्राष्ट्रिय तहमा पनि नेपालले मानव अधिकार सम्बन्धी ९ वटा ठूला महासन्धीहरु मध्ये ७ वटालाई अनुमोदन गरि पक्ष राष्ट्र भई सकेकोछ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो । नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमध्ये शिक्षामा भेदभाव विरुद्धको महासन्धि, १९६०, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६, महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९, बाल अधिकार सम्बन्धी महसन्धि, १९८९,द्वन्द्वबाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र,

१९७४, महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९१, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, २००७, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट महिला, शान्ति र सुरक्षाका सम्बन्धमा पारित प्रस्ताव नं. १३२५ र महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं १८२०, प्रस्ताव नं. १८८८ प्रमुखहुन् । उक्त महासन्धिका विभिन्न समितिहरूले समय समयमा नेपालका लागि दिएका सिफारिसहरू कार्यान्वयन गर्नु पनि सरकारको दायित्व हो ।

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा हासिल गर्ने गरी जारी गरिएको दिगो विकास लक्ष्यअन्तर्गत बिभिन्न १७ वटा लक्ष्य तथा सूचकहरू सहित सहायक लक्ष्यहरु रहेका छन् । यी लक्ष्यहरुमा लक्ष्य ५ मा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउनेसंग सम्वन्धित छ । यस विश्वव्यापी निर्धारण गरेका सूचकहरूमा राष्ट्रिय योजना आयोगले नेपालको यथार्थतालाई विचार गर्दै २४५ वटा सूचकहरू थप गरेकोले नेपालको सन्दर्भमा ४७९ सूचकहरू रहेका छन्। निर्धारण गरिएको दिगो विकासका लक्ष्य र सूचकहरू कुनै भिन्नै वा फरक अवधारणा नभई राष्ट्रको आर्थिक सामाजिक विकास र वातावरण संरक्षणको एक एकीकृत अवधारणाको रुपमा लिनुपर्दछ। अन्य मुलुकहरू झैं नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिवद्धता जनाई राष्ट्रिय सूचकहरूसहित मार्गचित्र समेत तयार गरेको छ ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धी (सिड) लाई २२ अप्रिल १९९१ मा बिना कुनै शर्त अनुमोदन गरेको छ। यस महासन्धिले महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने तथा महिला र पुरुषबीच वास्तविक समानता कायम गर्ने मुख्य उद्देश्य राखेको छ । महिलाका मानव अधिकारहरु संरक्षण र सम्बर्द्धन गर्ने एक महत्वपूर्ण अन्तर्राष्ट्रिय लिखित दस्तावेजको रुपमा यो महासन्धी रहेको छ। यस महासन्धीले महिलाको आर्थिक, सामाजिक, राजनैतिक जीवनको अधिकार, ग्रामीण महिलाको अधिकार, स्वास्थ्य लगायत अधिकार सुनिश्चित गरेको छ। महिला विरुद्ध भेदभाव उन्मूलन समितिले पक्ष राष्ट्रले पेश गर्ने प्रतिवेदनको सुनुवाई तथा विश्लेषण गरी प्रतिवेदनमाथि गर्ने टिप्पणीलाई निष्कर्ष प्रदान गर्नेगर्दछ। समितिले निष्कर्ष सुझावमा पक्ष राष्ट्रमा महिला महासन्धि अन्तर्गतको उत्तरदायित्व कार्यान्वयनमा रहेका कमी कमजोरी तथा अभावहरुलाई औंल्याउने, तथा महासन्धिअन्तर्गतका दायित्वहरु पालन गर्न आवश्यक सुझावहरु दिने काम







गर्दछ। लैङ्गिक हिंसा र बाल विवाह समानता र विकासको प्रमुख बाधकको रुपमा रहेको कुरालाई महशुस गरी दिगो विकासको लक्ष्यमा लैङ्गिक समानता हासील गर्ने र महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने, महिला, बालिका र किशोरीहरू विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्ने, सार्वजनिक तथा निजी क्षेत्रमा महिला, बालिका र किशोरीहरूमाथि हुने सबै किसिमका हिंसा लगायत मानव बेचविखन तथा यौन शोषणको अन्त्य गर्ने, बालविवाह, कम उमेरमा हुने विवाह र जवरजस्ती विवाह, महिलाको यौनाङ्ग काट्ने तथा अन्य हानिकारक प्रथाहरूको अन्त्य गर्ने कुरा उल्लेख गरिएको छ ।

## २. नगरपालिकाको वर्तमान अवस्था

सुर्खेत जिल्लाको सदरमुकामको रुपमा रहेको वीरेन्द्रनगर नगरपालिकासंग जोडिएको पूर्वि क्षेत्रमा अवस्थित यो नगरपालिका जिल्लाको दोश्रो नगरपालिकाको रुपमा रहेको छ। यो नगरपालिका वि.सं. २०७१ साल मंसीर १६ गतेको नेपाल सरकारको निर्णयअनुसार साविक छिन्चु, रामघाट र मैनतडा गाविसहरु मिलेर बनेको हो । हाल साविकको लेखपराजुल गाविस समेत थप गरिएको छ। पूर्वमा गोचेखोला र सल्यान, दक्षिणमा बबई नदी, उत्तरमा भेरी नदीर पश्चिममा बर्दिया राष्ट्रिय निकुन्जसम्म फैलिएको यस नगरपालिकाको अक्षांश २८° २२' ११" उत्तरदेखि २८° ३४' ०८" उत्तरसम्म र देशान्तर ८१° ३१' ५१" पूर्वदेखि ८१° ५०' १६" पूर्बसम्म फैलिएको छ । सबै जातजातिहरुको मिश्रीत बसोबास रहेको यस नगरपालिकामा विशेषगरी क्षेत्री, ब्राह्मण, दलित तथा मगर जातीहरुको बसोबास रहेको छ भने आदीबासी लोपोन्मुख राजी समुदायको पनि बसोबास रहेको छ । यो क्षेत्रमा खेतीयोग्य जमीन भएपनि सिंचाई अभाव तथा उच्च आधुनिक प्रविधिको अभावमा यहाँका मानिसहरु जिविकोपार्जनका लागि व्यवसाय, कृषि, पशुपालन, ज्यालामजदुरीका अतिरिक्त अन्य बैकल्पीक रोजगारीका अवसरहरु खोजी गरेको पाइन्छ । भेरीगंगा नगरपालिकामा सुर्खेत जिल्लाका विकट पहाडीक्षेत्र लगायत दैलेख, जाजरकोट, सल्यान, रुकुम जिल्ला र कर्णाली प्रदेशका विभिन्न बिकट जिल्लाबाट बसाई सरी स्थायी बसोबास गर्दै आएका व्यक्तिहरुको बाहुल्यता रहेको पाइन्छ । यी बिबिधताहरुलाई सम्बोधन गर्न नगरपालिकाका सबै अंग र संरचनाहरुलाई प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक देखिएकोछ। विभिन्न स्थानबाट बसाई सरी आएकाले यहाँको चालचलन रीतिरिवाज र संस्कृतिमा समेत विविधता पाईन्छ ।

## ३. नगरपालिकामा लै.स.सा.स.का लागि भएका प्रयासहरू

भेरीगंगा नगरपालिका सबै जातजाति लगायत महिला, अपाङ्गता भएका व्यक्ति लगायत सबैको बराबर सम्मान र समान अवसरको सुनिश्तितताका लागि नगरपालिकाले विभिन्न प्रयास गरिरहेको छ। नागरिकका बिच धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुरामा भेदभाव नगरिने कुरा नेपालको संविधानले मौलिक हकका रूपमा समावेश गरेको सन्दर्भमा निर्वाचित स्थानीय सरकार गठनसँगै संविधान प्रदत्त समानताको हक सुनिश्चिततालाई स्थानीय सरकारको प्रमुख दायित्व हुनेमा भेरीगंगा नगरपालिका दृढ संकल्पित छ ।

समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्ननेपाल सरकारद्धारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिँदै सरकार, गैरसरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकायसमेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भईरहेका छन् ।

यस भेरीगंगा नगरपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट बक्तव्य समेतमा लै.स.सा.स.का मुद्दाहरूलाई प्राथमिकताका साथ सम्बोधन गरि विकासमा सहयोग पुगिरहेको छ । नगरपालिका नेतृत्वको पहलमा लै.स.सा.स. सम्बन्धी बिभिन्न कार्यबिधिहरु जस्तैः अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५, भेरीगंगा नगरपालिका महिला स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६, आदि लगायत लैगिंक हिंसा निवारण कोष सन्चालन कार्यबिधि, २०८१को स्थापना गरी संञ्चालन गरिरहेको छ । यस सम्बन्धी नगरपालिकाले गरिरहेका प्रयासहरु छोटकरीमा यसप्रकार रहेका छन्:

- प्रत्येक वर्ष नगरपालिकाले आफ्नो नीति, योजना तथा बजेट निर्माण गर्दा टोल विकास समितिमार्फत सबै तह तप्काका जनताहरुको सहभागी गर्ने गरेको ।
- नगरपालिकाको आव २०७९।०८० को बार्षिक नीति, बजेट तथा कार्यक्रमले सामाजिकसंघ-सस्था तथा समावेशीकरणतर्फ नगरपालिकाबाट सञ्चालन गरिने लक्षित वर्ग, दलित, जनजाति, वादी, मुक्तहलिया तथा अन्य लोपोन्मुख







समुदायहरुलाई जनचेतनामूलक उत्पादन र सामाजिक सशक्तिकरण कार्यक्रमका अतिरिक्त सीप-विकास, उद्धमशीलता रउत्पादनका क्षेत्रमा आवद्ध गरिनेछ भनि प्रतिबद्धता ब्यक्त गरिएको ।

- नगरपालिकाको विकासमा सरिक गराउने उद्देश्य अनुसार कार्यक्षेत्र तोकेका गैरसरकारी संस्थाहरुको विषयगत वर्गीकरण गरी एकद्वार प्रणाली मार्फत कार्यक्रमहरुको सञ्चालनको व्यवस्था मिलाइएको ।
- टोल विकास संस्थाहरुलाई व्यवस्थित बनाउनका लागि टोल विकास संस्था सञ्चालन कार्यविधि तयार गरी विकास निर्माण र सामाजिक परिचालनको एउटा सशक्त आधारभूत निकायको रुपमा विकास गर्न क्षमता अभिबृद्धि गरी विकासका कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालनमा ल्याइएको ।
- सामाजिक कुरीति, अन्धविश्वास, नकारात्मक तथा खराब सामाजिक मूल्य-मान्यता तथा कुसंस्कार विरुद्ध अभियानात्मक र प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरी समतामूलक समाज निर्माणतर्फ उन्मुख गराइने नीति लिएको ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फका सचेतना तथा शसक्तिकरण कार्यक्रमलाई निरन्तरता दिँदै रोजगारका कार्यक्रमहरु सन्चालन गरिएको ।
- आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलाहरुलाई विशेष प्राथमिकता दिँदै आर्थिक सशक्तिकरण र सामाजिक रुपान्तरण गर्ने दिशामा अगाडी बढेको ।
- महिला हिंसा अन्त्य गर्नका लागि विभिन्न सशक्तिकरण, सचेतनामूलक र स्वरोजगारमूलक कार्यक्रमलाई उच्च महत्व दिइ बालमैत्री स्थानीय शासनका सूचक तयार गरी सूचकमूखी गतिविधिहरु सञ्चालन गरिएको ।
- अपाङ्गता भएका ब्यक्ति तथा बालबवालिकाहरुका लागि स्वास्थ्य शिबिर सन्चालन तथा अत्यावश्क सहायक सामग्रीहरु उपलब्धगराउने र अपांग परिचय-पत्र वितरण गर्ने गरिएको ।
- जेष्ठ नागरिकहरुको ज्ञान, सीप, अनुभव र सिकाइलाई उपयोगमा ल्याएको र विगतका नगरसभादेखि शुरु गरिएको छोरी हुनुमा गर्वको नगर बनाउने विभिन्न योजना तथा कार्यक्रमलाई निरन्तरता दिदै कार्यक्रहरुलाई अझ बढी प्रभावकारी र नतिजामुखी बनाउनविशेष जोड दिने नीति नगरपालिकाले लिएको आदि ।

यस नगरपालिकाको बृहत नगरयोजना, नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु र वडा कार्यालयहरुको लै.स.सा.स. नीति एकै किसिमको हुनुपर्ने आवश्यक ठानिएको छ। यस नगरपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्ने अन्य विकास साझेदार र सामुदायिक संस्थाहरुबाट सन्चालन हुने कार्यक्रमहरुले आ-आफ्नो ढंगबाट लै.स.सा.स. को नीति र रणनीति बनाई कार्यक्रमहरु कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने र कार्यान्वयन गर्न अप्ठयारो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने देखिएकाले यी निकायहरुबाट संचालन हुने कार्यक्रम आयोजनाहरुको लागि मार्गदर्शन हुने भएकोले भेरीगंगा नगरपालिकाले यो लै.स.सा.स.नीति तयार गरेको हो।

## ४. विद्यमान समस्या र चूनौतिहरुः

लै.स.सा.स. एक बहु-क्षेत्रगत तथा विकासको सबै पक्षमा समेट्नुपर्ने सवाल हो। त्यस कारणले केन्द्र देखि स्थानीय तहसम्म बिभिन्न लै.स.सा.स. नीति, कार्यबिधि, मार्गदर्शन, निर्देशिका आदि तयार गरि कार्यान्वयनमा गएपनि केन्द्र, प्रदेश तथा स्थानीय सरकारहरुले लै.स.सा.स.नीति बनाई नसकेको र निर्माण गरिएको नीति तथा कार्यक्रमहरुको पनि प्रभावकारी एवंसंस्थागत कार्यान्वयन हुन नसकिरहेको अवस्थामा यसरी नीति तथा कार्यक्रमहरुको अभावले गर्दा महिला तथा पछाडि परेका वा पारिएका सिमान्तकृत वर्ग तथा सामाजिक वञ्चितीकरणमा परेका समूहहरूको आवश्यकता सम्बोधन गर्न सकेको अवस्था अझै पनि छैन। यसको फलस्वरुप बिभिन्न सरकारी कार्यालयहरुले प्रदान गर्ने सेवा तथा सुबिधाहरुमा महिला, दलिततथा पछाडि परेका समुदायको पहुँचमा र निर्णय गर्ने क्षमतामा कमि हुन गयो र उनीहरुले तर्जुमा गर्ने योजना, कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायि वा लैङ्गिक संवेदनशिल हुन सकेन। यसको साथै सबै कार्यालयमा लै.स.सा.स. लाई मूलप्रवाहिकरण गर्नको लागि संरचनाहरुको कमि र यस विषयमा सबैलाई जानकारी समान रुपमा भएन। जसले गर्दालै.स.सा.स. विषयलाई सबैले गम्भिर रुपले आन्तरिकिकरण गर्न सकिरहेको छैन। यस सन्दर्भमा भेरीगंगा नगरपालिकामा लै.स.सा.स. सम्बन्धी देखिएका समस्या तथा चुनौतिहरु मूलतः देहाय अनुसार छन्ः







### ४.१ समस्याहरुः

- नगरपालिकामा लै.स.सा.स. सम्वन्धी एकीकृत नीति अभाव हुनु,
- लै.स.सा.स. का लागि आवश्यक खण्डीकृत तथ्याङ्क पूर्णरुपमा प्राप्त नहुनु, नगरपालिका भित्रको स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्ग एवं क्षेत्रको न्यायोचित पहुँच नहुनु,
- बञ्चितीकरणमा परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिक रुपमा तुलनात्मक रुपमा सवैलाई मुलप्रभाहिकरण गर्न नसकिनु,
- नगरपालिकाको योजना तर्जुमा प्रक्रिया र निर्णायक तहहरुमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरुको अर्थपूर्ण सहभागिताका लागि प्राप्त अवसर सृजना हुन नसक्नु, विभिन्न लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र जातजातीबीच हुने व्यवहारगत विभेद आसितित रुपमा हट्न नसकेको,
- घरेलु हिंसा, बैदेशिक रोजगारका नाममा हुने ओसार पसार तथा बेचबिखन लगाएत लैङ्गिकतामा आधारित महिला, किशोरी, बालिका प्रति हुने हिंसा अझै पनि कायम रहनु।
- धार्मिक तथा प्रथा परम्पराका नाममा प्रचलनमा रहेको जस्तै बालबिवाह, बहुबिवाह, महिला किशोरी तथा बालिका माथि हुने शारिरीक तथा मानसिक हिंसा अझै पनि कायमै रहनु।

### ४.२ चुनौतीहरुः

लै.स.सा.स.को लागि राजनीतिक प्रतिवद्धता, इच्छाशक्ति र स्रोत साधनको परिचालन र जनचेतना अभिबृद्धि गरि नगरपालिकाको हरेक विकास योजना तथा कार्यक्रमहरुमा लै.स.सा.स.लाई मूलप्रवाहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर-निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्यका साथै निम्न बिषयहरु यस नगरपालिकाको लागि पनि चुनौतीका रूपमा रहेका छन्।

- लै.स.सा.स. को अवधारणामा सरोकारवालाहरु बिच साझा दृष्टिकोण कायम गर्नु,
- लै.स.सा.स. नीति कार्यान्वयनमा संलग्न निकायहरु बीच प्रभावकारी समन्वय गर्नु,
- नगरपालिकाको स्रोत साधन, अवसर र लाभमा वञ्चितीकरणमा परेका सबै वर्ग, क्षेत्रर जातजातिको समन्यायिक पहुँच सुनिश्चित गर्नु,

- वञ्चितिमा परेका वर्ग क्षेत्र र जातजातिमा व्याप्त गरिवी न्युनिकरण गर्नु,
- विभिन्न समुदाय तथा वर्गवीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु,
- नगरपालिकाका योजना छनौट, कार्यान्वयन र अनुगमन जस्ता सबै क्रियाकलापहरुमा लक्षित समुदायको प्रतिनिधित्व पुर्णरुपमा सुनिश्चित गर्नु ।

**५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको औचित्यता किन ?**

यस नगरपालिकामा भएगरेका बिभिन्न क्रियाकलापमा लै.स.सा.स. लाई प्रोत्साहन गर्न आवश्यक भएकोले तपशिलमा उल्लेखित कारणहरुले गर्दा यस लै.स.सा.स. नीतिको आवश्यकता परेको छ:

- नगरपालिका भित्र लै.स.सा.स. मैत्री शासन व्यवस्थाको प्रबर्द्धन गर्न,
- नगरपालिकाका नीति, कानुन, संरचना, कार्यक्रम, योजना र आयोजनाको सवै चरणमालै.स.सा.स.लाई मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्न,
- नगरपालिकाले तर्जुमा गर्ने नीति, योजना, वजेट तथा कार्यक्रमहरूलाई मार्गदर्शन गर्न,
- नगरपालिकाका सबै संरचनाहरु, कार्यक्रमहरु र योजनाहरुमा लै.स.सा.स. सम्वन्धी नीतिगत एकरुपता र सामञ्जस्यता कायम गर्न,
- कानूनी व्यवस्थाहरुको कार्यान्वयनमा सहयोग पुऱ्याउन,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुपको दायित्व पुरा गर्न,
- नगरपालिकाको साधनस्रोत, लाभ र अवसरहरुबाट वञ्चितीकरणमा परेका सवै वर्ग,लिङ्ग, क्षेत्र, जातजाति र समुदायको पहुँच सुनिश्चित गर्दै लोकतन्त्रका लाभहरुको सवै नागरिकहरुबीच न्यायोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न ।

यसका साथै मुख्यतः दिगो विकास लक्ष्यको लक्ष्य नम्बर ५ ले लैगिंक समानता हाँसिल गर्ने तथा सबै महिला, किशोरी तथा बालबालिकालाई सशक्त बनाउने लक्ष्य प्राप्ति गर्न सरकारले सबै तहमा लैंगिक समानतालाई प्रवर्द्धन तथा सशक्त बनाउन प्रभावकारी नीति र कार्यान्वयनयोग्य कानून बनाउने प्रतिवद्धता गरेको र प्रतिवद्धताहरुलाई स्थानियकरण गर्दै कार्यान्वयन तहमा लैजान स्थानिय सरकारले अनिवार्य रुपमा लैं.स.सा.स. नीति तर्जुमा गर्नु अपरिहार्य हुन्छ । यसै मान्यता तथा आवश्यकता अनुरुप भेरीगंगा नगरपालिकाले पनि लैं.स.सा.स.नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यकता महसुस गरि यो नीति तर्जुमा गरेको हो ।







तसर्थ, नेपालको संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वद्वारा निर्देशित सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति स्थानिय तहमा कार्यान्वयन गर्ने आधार तयार गर्न, दिगो विकास लक्ष्यको "लैङ्गिक समानता र महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने" लक्ष्य हासिल गर्न, स्थानिय सरकारले प्राथमिकताका साथ कार्यक्रम कार्यान्वयन गर्ने वातावरण तयार गर्न, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक आदि विरूद्ध हुने लैंगिक हिंसा अन्त्य गरीसबैका लागि हिंसा रहित बनाउन यो नीतिको आवश्यकता महशुस गरिएको हो ।

**६. यस नीतिले अवलम्बन गरेका सिद्धान्तहरू:**

यो लै.स.सा.स. नीति तर्जुमा निम्न सिद्धान्तहरुमा आधारित भई गरिएको छ :

(क) **अविभेद :** यो नीति कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरूमाथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

(ख) **सारभूत समानता :** यो नीतिले लैङ्गिकताका सवालमा सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ ।

(ग) **कोहि पछाडि नछुटुन्:** यस नीतिले दिगो विकास लक्ष्यको "कोही पनि पछाडि नछुटुन्" भन्ने अवधारणालाई आत्मसात गरेको छ ।

(घ) **कसैलाई हानि नपुऱ्याउने:** यस नीतिले कसैलाई पनि हानि वा क्षति नपुऱ्याउने सिद्धान्त अंगालेको छ ।

(ङ) **शून्य सहनशीलता :** यो नीति कार्यान्वयनको सिलसिलामा जुनसुकै प्रकारको महिला तथा लैङ्गिक हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(च) **गोपनीयताको अधिकार:** यो नीतिले महिला तथा लैङ्गिक हिंसा प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ ।

(छ) **अर्थपूर्ण सहभागिता :** यो नीतिले यसको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको नेतृत्व तथा आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई जोड दिइएको छ ।

(ज) **साझेदारिता र सहकार्य :** यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएको छ ।

(झ) **सकारात्मक सोच :** यो नीति सकारात्मक सोच तथा परिवर्तन संभव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

**७**. त्यसैले माथि उल्लेखित औचित्यताहरुलाई पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४को धारा ११, उपधारा (२), बुँदा ठ को उपबुँदा (२) द्वारा प्रदत्त अधिकारको प्रयोग गरी नगरपालिकाको लागि यो "लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति,२०८१" तयार गरिएको हो । यस नीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण नगरपालिका वासीहरुले विभेद र हिंसा रहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चित गर्नेछ ।

**७.१ नाम र प्रारम्भ** : यस नीतिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१" रहनेछ र यसको प्रारम्भ नगर कार्यपालिकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

**७.२ परिभाषा**: बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा :

(क) "अल्पसंख्यक" भन्नाले संघीय कानूनबमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

(ख) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरुमध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ ।

(ग) "कार्यक्रम"भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुके संयोजित रुप सम्झनुपर्छ ।

(घ) "खण्डीकृत तथ्याङ्क" भन्नाले महिला, पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका एवं एच.आई. भि. संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरणमा परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनुपर्दछ ।

(ङ) "गैरसरकारी संस्था" भन्नाले प्रचलीत कानूनबमोजिम स्थापना भएका स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्यसञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनुपर्छ ।

(च) "टोल विकास संस्था" भन्नाले यस नगरपालिकाको कानुनबमोजिम गठन भएका समूह सम्झनुपर्छ ।







(छ) "नगरपालिका" भन्नाले भेरीगंगा नगरपालिकालाई सम्झनुपर्दछ ।

(ज) "नीति" भन्नाले "भेरीगंगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१" सम्झनुपर्दछ ।

(झ) "बञ्चित समुह"भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठनागरीक, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनुपर्दछ ।

(ञ) "योजना" भन्नाले बार्षिक योजना र कार्यक्रम सम्झनुपर्दछ ।

(ट) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैगिक समानता तथा समावेशी विकासगर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भएनभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनुपर्छ ।

(ठ) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण संहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

(ड) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनुपर्दछ ।

(ढ) "लैङ्गिक प्रभाव विष्लेषण" भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएकाछन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ण) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनुपर्दछ ।

(त) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनुपर्दछ ।

(थ) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर रसमान लाभ हासिल गर्ने अवस्थालाई सम्झनुपर्दछ ।

(द) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्बन्धहरुलाई पुनःसन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनुपर्दछ ।

(ध) "विकास साझेदार" भन्नाले नेपाल सरकारसंग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम् प्रविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनुपर्छ ।

(न) "सशक्तिकरण" भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनुपर्दछ ।

(प) "सामाजिक वञ्चितीकरण" भन्नाले औपचारिक ऐन, नियम, कानुन आदि तथा परम्परा देखि चलिआएको अनौपचारिक मुल्य मान्यता बमोजिम लिङ्ग, जातजाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएका अवस्थालाई सम्झनुपर्छ ।

(फ) "सामाजिक वञ्चितीकरणमा परेका समूहहरू" भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैंगिक तथा यौनिक अल्पसंख्यक, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनताहरुलाई बुझाउँदछ ।







(ब) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपगोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्छ ।

(भ) "सामाजिक समावेशी बजेट" भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुनेगरी तर्जुमा गरिएको बजेट समेत सम्झनुपर्छ ।

(म) "सामाजिक समावेशी सम्पर्क ब्यक्ति" भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको पदाधिकारी वा कर्मचारीलाई सम्झनुपर्छ ।

(य) "सामुदायिक संस्था" भन्नाले जनचेतनासम्वन्धी तालिम, अभिमुखिकरण, सीपविकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानूनबमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायहरुमा आधारित संस्था सम्झनुपर्छ ।

(र) "सीमान्तकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवासुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ र सो शब्दले अतिसीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

(ल) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एवं अधिक्तम उपयोग गर्ने प्रकृया सम्झनुपर्दछ ।

### ७.३ दीर्घकालिन सोच

लै.स.सा.स. मैत्री एवं सहभागीमूलक विकास निर्माण एवं सेवा प्रबाह गरि लैंगिक, जातीय एवम् सबै प्रकारका भेदभावमुक्त, पूर्ण समावेशी समतामूलक, स्वस्थ, सुखि तथा समृद्ध नगरको निर्माण गर्ने ।

### ७.४ लक्ष्य

नगरको विकास, सेवा प्रबाह र अवसरहरूलाई महिला, सिमान्तकृत वर्ग तथा सामाजिक वञ्चितीकरणमा परेका समूहहरूको अर्थपूर्ण सहभागीता गराई नगर वासीले भोग्नुपरेका बिध्यमान नकारात्मक सामाजिक मूल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याई नगरपालिकाको नीति, योजना, बजेट, अनुगमन प्रणाली आदिमा लैंगिक मुलप्रबहिकरण गर्ने ।

### ७.५ उद्देश्य, नीति तथा कार्यक्रमहरू

**उद्देश्य १:** नीतिगत र कानुनी रूपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु ।

**नीतिहरु :**

(क) लै.स.सा.स.सन्दर्भमा नेपालको कानुनमा भएको व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

(ख) महिला तथा सीमान्तकृत समुहहरुको सशक्तिकरण सम्बन्धी नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

(ग) महिला, बालबालिका, दलित, आदिबासी जनजाति, अपाङ्ग तथा अल्पसंख्यकहरुको मानव अधिकार लगायत वहुपक्षिय क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न नीतिहरु निर्माण गरिनेछ ।

**कार्यक्रमहरू :**

(क) महिला, सीमान्तकृत समुह तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ ।

(ख) नीति तथा कानुनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तयगरी नगरमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण गरिनेछ ।







(ग) महिला, दलित, आदिबासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक लगायत सबै सीमान्तकृत समूहहरु आदिको अधिकार सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

(घ) लै.स.सा.स. को सवाललाई सबै क्षेत्रका नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्दै लगिनेछ ।

(ङ) लै.स.सा.स.को व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू अद्यावधिक गर्दै लगिनेछ ।

(च) नीति तथा कानुनी प्रावधानको आधारमा लक्षित कार्यक्रम तय गरी लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।

**उद्देश्य २:** लै.स.सा.स. मैत्री, नीति, योजना, बजेट निर्माण तथा कार्यान्वयन गरि नगरका विकास निर्माण र सेवा प्रवाहका सवाललाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नु ।

**नीतिहरुः**

(क) महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रबर्द्धन गर्नुका साथै महसुस हुने गरी नगरको सेवालाई पहुँचयोग्य बनाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

(ख) नगरको राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिला तथा सीमान्तकृत समुहहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने नीति लिईनेछ ।

(ग) नगरपालिकामा निर्माण हुने हरेक सार्वजनिक संरचना अपाङ्गतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइने नीति अवलम्बन गरिनेछ ।

(घ) आर्थिक, सामाजिक र राजनितिक गतिविधिहरूमा महिला तथा सीमान्तकृत समुहहरुको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

(ङ) नगरपालिकाको आवधिक र बार्षिक योजना, कार्यक्रम र बजेटमा लै.स.सा.स.का सवालहरु समाबेश गर्न विषयगत शाखा/महाशाखा, सरोकारवालाहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघ-संस्था, निजि-क्षेत्र आदिलाई लै.स.सा.स.उत्तरदायी योजना तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्न अभिप्रेरित, सहजिकरण रआवश्यकता अनुसार क्षमता अभिबृद्धिका लागि समन्वय तथा सहकार्य गर्ने नीति लिईनेछ ।

(च) नगरपालिकाको बजेट तर्जुमामा लैङ्गिक उत्तरदायी बजेट तर्जुमालाई प्राथमिकता दिइनेछ, यसरी बजेट तर्जुमा पश्चात लैङ्गिक उत्तरदायी बजेटको परीक्षणलाई नियमित बनाईनेछ ।

(छ) वडा कार्यालयवाट विकासमा भएको लगानीको वार्षिक रुपमा लैङ्गिक वजेट अडिट गर्दै लैङ्गिक वजेटमा वढी लगानी गर्ने वडालाई थप आर्थिक अनुदान दिने निति लिइनेछ ।

**कार्यक्रमहरु :**

१. महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रबर्द्धन गर्नुका साथै महशुस हुने गरी नगरको सेवालाई पहुँचयोग्य बनाइनेछ ।

२. नगरको राजनीतिक, आर्थिक, सामाजिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिला लगायत सीमान्तकृत समूहहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ ।

३. लै.स.सा.स. तथा लैंगिक उत्तरदायी योजना तथा बजेटको अवधारणाको प्रवर्द्धन गरि यसै अनुसार नगरपालिकाको विकासका लागि योजना तथा कार्यक्रम बनाई लागु गरिनेछ । यसरी योजना तथा बजेट निर्माण गर्दा महिला तथा सीमान्तकृत समूह आदिलाई प्राथमिकता दिई उनीहरुलाई विकासको मूलधारमा ल्याउन आवश्यक बजेट विनियोजन गरी नीति योजना/कार्यक्रमहरुका प्राथमिकिकरण, कार्यान्वयन तथा अनुगमन गरिनेछ ।

४. सबै योजना र कार्यक्रमको लै.स.सा.स. मैत्री एवं नतिजामुखी अनुगमन, प्रतिवेदन रमूल्यांकन गर्ने गराईनेछ ।

५. नगरपालिकाको कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा अपाङ्गता भएका व्यक्तीहरुको सम्वेदनशीलतालाई ध्यान दिइ अपाङ्गता उत्तरदायी बजेटको निर्माण गर्न पहल गरिनेछ ।

६. नगरपालिकालाई बालमैत्री बनाउन बालमैत्री भवन, बालमैत्री शैक्षिक सामग्री, खेलकुद मैदान, पुस्तकालय, खानेपानी तथा सरसफाई, शौचालय, हिंसा पिडित बालबालिकाहरुका लागि आकस्मिक संरक्षण स्थान तथा औषधि उपचारमा सहयोग गरिनेछ ।





७. अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक सहायक सामग्रीहरु बैशाखी, वाकर, सेतोछडी, श्रवण यन्त्र, विद्युतिय सुबिधा सम्पन्न ह्विलचेयर, ट्राईसाइकल, कृतिम हातखुट्टा, बेल्ट सिटिङ चेयर र स्टेण्डिङ चेयर आदि, स्थानीय स्वास्थ्य संस्थाबाट निःशुल्क र सजिलोसँग पाउने वातावरणको लागि कार्यक्रम तथा बजेटको ब्यवस्था गरिनेछ ।

८. नगरपालिकामा एक अपाङ्गता सूचना तथा परामर्श केन्द्र स्थापना गर्न आवश्यक श्रोतको खोजि व्यवस्था गरिनेछ ।

९. नगरमा निर्माण हुने हरेक सार्वजनिक संरचना अपाङ्गतामैत्री र ज्येष्ठ नागरिकमैत्री बनाउनका लागि प्रथामिकता दिइनेछ ।

१०. दुर्व्यवहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको सुरक्षा र सुरक्षित बसोबासका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

११. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै उनीहरुले महशुस हुनेगरी नगरको सेवालाई पहुँचयोग्य बनाइनेछ ।

१२. मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अटिजम, हेमोफिलिया, सुस्तश्रवण, बहिरा, न्युन दृष्टियुक्त अपाङ्गता जस्ता प्रष्ट नदेखिने किसिमका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी रोकथाम, परामर्श तथा सिफारिस सहित नगरपालिका तहमा एकीकृत सेवा उपलब्ध गराउन सहयोग गरिनेछ ।

१३. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि विद्यालय शिक्षामा प्राविधिक तथा जीवन उपयोगी शिक्षाको लागि उचित बजेटको व्यवस्थापन गर्नुको साथै बालबालिकाहरुको अवस्था पहिचान गरी समाबेसी शिक्षा र सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिको लागि विशेष शिक्षा प्रणालिको व्यवस्था र अपाङ्गता भएका परिवारका बाल बालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१४. अपाङ्गता उत्तरदायी बजेट प्रणालीको निर्माण र त्यस्ले अपेक्षा गरेका उपलब्धिहरुको प्रत्याभुत गर्ने कार्यमा सहजिकरण गराउने तथा बजेट तर्जुमाको समयदेखि नै कार्यक्रमहरुको अपाङ्गता समावेशी हुने गरी तर्जुमा, कार्यान्वयन, अनुगमन गराउने कार्यलाई प्राथमिकता दिईनेछ ।

१५. अपांगता भएका व्यक्तिहरुले संचालन गरेका संघसंस्थाहरुलाई अपांगता लक्षित बजेट अनुदान दिने व्यवस्था गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुको संवेनशिलतालाई मध्यनजर गरी अनुदानको कार्यक्रमहरु सबै वर्गको सवाललाई सम्वोधन हुने गरी व्यवस्थापन गरिनेछ ।

१६. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (त) अनुसार अपाङ्गता भएका व्यक्तिहरुको खण्डीकृत तथ्यांकलाई व्यवस्थित गर्दै अभिमुखिकरण गर्न नगरपालिकाले अनलाईन डाटा ईन्ट्री गर्नको लागि पहुँचयुक्त सफ्टवेयरका निर्माण तथा अध्यावधिक कार्यको लागि कार्यक्रम तथा बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

१७. नगरपालिका भित्र रहेका संघसंस्था तथा समितिहरूमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँच योग्यता र सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लै.स.सा.स.को अवस्था लेखाजोखा गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।

**उद्देश्य ३:** लै.स.सा.स. प्रबर्द्धन गर्न नगरपालिकाको संस्थागत संरचना/संयन्त्र निर्माण तथा सुदृढीकरण गरि नगरपालिकाको संस्थागत तथा व्यक्तिगत तहमा क्षमता अभिबृद्धि गर्नु ।

**नीतिहरु :**

(क) लै.स.सा.स. प्रबर्द्धन गर्न पालिकाको संस्थागत संरचना/संयन्त्र निर्माण तथा सुदृढीकरण गरी संस्थागत तथा व्यक्तिगत तहमा क्षमता अभिवृद्धि गर्ने नीति लिईनेछ ।

(ख) नगरपालिकाले आवश्यक कर्मचारीहरु नियुक्ति गर्दा प्रचलित कानूनबमोजिम समाबेशी सहभागीतालाई सुनिश्चित गर्न योग्यता पुगेका महिला तथा वञ्चितीकरणमा परेका, पारिएका र सीमान्तकृत समुदायलाई पनि प्राथमिकता दिई आकर्षित गर्न तत्काल संस्थागत प्रयास गरि उनीहरुको क्षमता वृद्धिमा लगानी गरी,थप अवसर दिई हरदम प्रोत्साहन गर्ने नीति लिईनेछ ।

(ग) स्थानीयस्तरमा स्वास्थ्य, शिक्षा, कृषि, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन आदि सम्बन्धी विभिन्न विषय विशेष तालिमहरू योजनावद्ध तथा नतिजामुखी बनाई सञ्चालन गर्ने नीति लिईनेछ ।

(घ) लै.स.सा.स.सम्बन्धी संचालन हुने सबै किसिमका तालिम, क्षमता विकास, सेमिनार, अवलोकन भ्रमण र छात्रवृति आदिमा सहभागीहरुको छनौट लै.स. सा.स. मैत्री तथा समावेशी प्रकृतिको गराई नतिजामुखी बनाई संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

(ङ) स्थानीय जनता विशेष गरी लक्षित समुह तथा वञ्चितीकरणमा परेका समूहहरूको क्षमता विकास गरी यी वर्गहरुलाई स्थानीय तहको विकास







प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी एवं सहभागीमुलक विकास प्रक्रियालाई संस्थागत गर्ने नीति लिईनेछ ।

(च) लै.स.सा.स.सम्बन्धी बिभिन्न तहहरुमा गठन हुने समिति, उप-समिति आदिमा पछाडि परेका/पारिएका महिला तथा वञ्चितीकरणमा पारिएका र सीमान्तकृत समुदायहरुबाट पनि प्रतिनिधित्व गरी उनीहरुको अर्थपूर्ण सहभागी गराउने नीति लिईनेछ । त्यसै गरी सम्पूर्ण किसिमका तालिम, क्षमता विकास, सेमिनार, अवलोकन भ्रमण र छात्रवृतिमा सहभागीहरुको छनौट लैं.स.सा.स.मैत्री तथा समावेशी बनाई यसलाई नतिजामुखी बनाउने नीतिलाई अंगिकार गरिनेछ ।

**उद्देश्य ४:** दिगो विकास र आर्थिक समृद्धिका लागि महिला लगायत सिमान्तकृत समूहहरुको लागि आर्थिक सशक्तिकरणका गतिविधिहरु सञ्चालन गर्नु ।

**नीतिः**

दिगो विकास र आर्थिक समृद्धिका लागि महिला लगायत सीमान्तकृत समूहहरुको लागि आर्थिक सशक्तिकरणका गतिविधिहरु प्राथमिकताका साथ सञ्चालन गर्ने नीति लिनेछ ।

**कार्यक्रमहरू :**

(क) महिला लगायत सीमान्तकृत समूहहरुको व्यवहारिक सीप तथा ज्ञानको अध्ययन गरी प्रबर्द्धन गर्ने ।

(ख) पालिकाको योजनामा महिला लगायत सीमान्तकृत समूहहरुको उद्यमशिलता प्रबर्द्धन गर्ने खालका कार्यक्रम तथा आवश्यक बजेट विनियोजन गर्ने ।

(ग) महिला लगायत सीमान्तकृत समूहहरुलाई आर्थिक रुपमा सशक्त र स्वतन्त्र बनाउन आर्थिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालनका लागि कार्ययोजना तथा बजेट विनियोजन गर्ने ।

(घ) महिला लगायत सीमान्तकृत समूहहरुलाई व्यवसाय सञ्चालन, बैंकिग तथा वित्तिय कारोबार सम्बन्धी शिक्षा प्रदान गर्नुका साथै आधारभूत कानूनी क्षमता विकास गर्ने ।

(ङ) उद्यमी महिला लगायत सीमान्तकृत समूह तथा लैंगिक तथा यौनिक अल्पसंख्यक आदि द्वारा उत्पादित सामग्रीहरुको बजारीकरणका लागि सहयोग गर्ने ।

(च) अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सशक्तिकरणका लागि अपाङ्गता लक्षित कार्यक्रमहरुको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(छ) बैदेशिक रोजगारीमा गएका परिवारका महिला सदस्यहरु, बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको सीप, ज्ञान र आम्दानीलाई व्यवस्थित र पुनः उत्पादनमूलक बनाउने ।

(ज) अपाङ्गता भएका ब्यक्तिहरुको क्षमता र सीपको पहिचान गरी उनिहरुले उत्पादन गरेका सामग्रीको बजारीकरण व्यबस्थापनमा सहयोग गर्ने ।

(झ) सामाजिक लैंगिक भूमिका रुपान्तरण गर्ने खालका आर्थिक उपार्जनसँग महिलालाई जोड्न आवश्यक व्यवसायीक ज्ञान तथा सीप प्रदान गर्ने ।

(ञ) स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलालगायत सीमान्तकृत समूहहरुको आर्थिक सशक्तिकरण गर्दै उनीहरुको गरिवी न्युनिकरण गर्ने ।

(ट) अपाङ्गता भएका व्यक्तिहरुको स्वरोजगारको लागि राज्यवाट अनुदान रकम र बैंकको सामाजिक उत्तरदायित्व नीति अनुसार सहुलीयत ब्याज रकम उपलब्ध गराई उनीहरुको आर्थिक शसक्तिकरण गर्न पहल गर्ने ।

(ठ) नगरपालिकाको कृषि अनुदानहरु र कृषि कार्यक्रम तथा यसबारे दिईने तालिमहरुमा अपांगता समाबेशिकरण गरी अपांगता भएका कृषकहरुलाई प्रोत्साहन गरी उनीहरुको आर्थिक शसक्तिकरण गर्न पहल गर्ने ।

**उद्देश्य ५:** विपद तथा महामारी ब्यबस्थापन गर्न कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने र सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा अभिवृद्धि गर्नु ।

**नीतिः**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरपालिकाबाट दिइने सेवालाई प्रभावकारी बनाउनको साथै विपद तथा महामारीका समयमा आउने सबै समस्याहरुको प्रभावकारी सम्बोधन गर्न प्राथमिकताका साथ काम दिने नीति लिनेछ ।

**कार्यक्रमहरू :**

१. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक आदिलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरणलाई थप प्रभावकारी बनाइनेछ ।

२. सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्याङ्क संकलन तथा व्यवस्थापन गरिनेछ ।

३. सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।







४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरबाट प्रवाह गरिने सम्पूर्ण सेवाहरुलाई थप प्रभावकारिता बनाईनेछ ।

५. बेरोजगार अपाङ्गता भएका व्यक्तिहरु र अति अशक्त तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरुका लागि नियम-कानून अनुसार सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिनेछ ।

६. ज्येष्ठ नागरिक, दीर्घ-रोगी तथा अपाङ्गता भएका व्यक्ति आदिको सम्मान र सुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइनेछ ।

७. विपद् तथा महामारीका समयमा हुने विभेद तथा सबै खालका सवाल तथा समस्याहरुको सम्बोधनका लागि नीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

**उद्देश्य ६ :** समाजमा विद्यमान लैंगिक, सामाजिक, सांस्कृतिक आदिसंग सम्वन्धित नकारात्मक मूल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउन सहयोग गर्नु ।

**नीतिः**

समाजमा विद्यमान लैंगिक, सामाजिक, सांस्कृतिक आदिसंग सम्वन्धित नकारात्मक मूल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउन प्राथमिकता दिनेनीति लिनेछ ।

**कार्यक्रमहरू :**

१. लैंगिक रुपमा रहेका समाजका असमान तथा विभेदकारी सामाजिक मुल्य-मान्यता, धारणा तथा व्यवहारहरु परिवर्तन गर्नका लागि प्रभावकारी तथा प्रमाणमा आधारित कार्यक्रमहरुको विकास गरि कार्यान्वयन गरिनेछ ।

२. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, बालश्रम, लैंगिक हिंसा, बाल बिबाह, बहु-बिबाह, दाहिजो, बोक्सी जस्ता अमानवीय प्रथा आदिको रोकथामको लागि कार्ययोजना तथा कार्यक्रम बनाई लागु गरिनेछ ।

३. समाजमा रहेको विभेदकारी सामाजिक मूल्य-मान्यता र व्यवहारहरुलाई परिवर्तन गर्ने खालका जनचेतनामूलक क्रियाकलाप तथा अभियानहरु सञ्चालन गरिनेछ ।

४. सरकारी पदाधिकारी, कानून पालन गर्ने गराउने निकायहरु, धार्मिक एवं सामुदायिक नेताहरु र सर्व-साधारण जनताहरुलाई लैंगिक तथा यौनिक अल्पसंख्यक, लैंगिक पहिचान तथा अभिव्यक्ति, लैंगिक बिषेशताहरुको आधारमा हुने विभेद र घरेलु हिंसा आदिको बारेमा सचेतना, घरेलु तथा यौन हिंसा बिरुद्ध परिणाममा आधारित तालिमहरु उपलब्ध गराउने ।

५. लैंगिक तथा घरेलु हिंसा अन्त्यको लागि बहस, पैरवी तथा चेतनामूलक अभियान चलाई सूचना संचारमा महिला लगायत अन्य सिमान्तकृत समूहरुको सहभागिता र पहुँच वृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।

६. नगरपालिका भित्र कार्यरत महिला संजाल, लैंगिक निगरानी समूह, महिला सहकारी संस्था, महिला तथा सीमान्तकृत वर्ग आदिले नेतृत्व गरेका सामाजिक र सामुदायिक संघ-संस्था गठन, सबलिकरण तथा बिस्तारमा सहयोग गर्ने ।

७. महिला तथा बालबालिकाहरु बिरुद्ध हुने हिंसा, हानिकारक एवं विभेदकारी अभ्यासहरुको अन्त्य लगायतका लैंगिक अन्तरहरू सम्बोधनका लागि र अति सीमान्तकृत समुदायका महिलाहरुका सवाल सम्बोधनका लागि आर्थिक सहयोग गर्ने ।

८. हिंसा प्रभावित अपाङ्गता भएका महिला तथा बालिकाहरुको न्यायमा पहुँच, उद्धार र पुनर्स्थापनाका लागि आवश्यक संयन्त्रको विकास गर्न सहयोग गर्ने ।

९. सबै वडामा समान कामको लागि समान ज्यालाको सुनिश्चितता गर्न जनचेतनामूलक कार्यक्रम तथा अभियानहरु सञ्चालन गर्ने ।

**१. संस्थागत संरचनाः**

लै.स.सा.स.बारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरुको सबै सरोकारवालाहरुसंग प्रभाबकारी समन्वय कायम गरी कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि सम्पूर्ण कामहरू गर्ने सन्दर्भमा नगरपालिका भित्र आवश्यकता अनुसार महाशाखा/शाखा स्थापना तथा विस्तारगरि लै.स.सा.स., महिला, आदिबासी जनजाती, बालबालिका, किशोर किशोरी तथा युवा, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपाङ्ता तथा जेष्ठ नागरिक, गै.स.स. परिचालन, समन्वय तथा नियमन र सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता संम्बन्धि कामहरू गर्नेछन् । साथै यस महाशाखा/शाखाले निम्न थप कार्यहरु गर्न सक्नेछन् :

(क) नगरपालिका भित्रका पछाडी परेका वा पारिएका असक्त, गरीब, विकासका अवसरबाट बन्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका अशक्त, गरीब तथा लक्षित वर्ग/समूह आदिको खण्डिकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने ।







(ख) महिला, बाल-बालिका, आदिबासी जनजाती, जेष्ट-नागरिक, अपांगता भएका व्यक्तिहरु, मधेशी, दलित, मुस्लिम, पिछडाबर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको हक सम्वन्धि नीति, योजना कार्यान्वयन, समन्वय र नियमन गर्ने ।

(ग) सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग तथा समूह आदि) समुहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामुखी योजना तर्जुमा गर्ने ।

(घ) महिला बाल-बालिका, आदिबासी जनजाती, जेष्ट-नागरिक, अपांगता भएका व्यक्तिहरु, दलित, मुस्लिम, पिछडाबर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्ने ।

(ङ) लैंगिक हिंसा नियन्त्रणका लागि निरोधात्मक, प्रबर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनर्स्थापना गर्ने ।

(च) नगरपालिकाको योजना तथा कार्यक्रमको अनुगमन र मूल्यांकनका साथै संस्थागत रुपमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण नियमित रुपमा गर्ने ।

(छ) आवश्यकता अनुसार सञ्चार माध्यमबाट लै.स.सा.स. सम्वन्धी संदेशहरूको प्रचारप्रसार, प्रबर्द्धन र संरक्षण गर्ने ।

(ज) लै.स.सा.स. सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरितगर्ने गराउने ।

**२. बिभिन्न समितिहरु गठन गर्ने सम्बन्धीः**

संघीय ब्यबस्था अनुसार नगरपालिकाले विभिन्न समितिहरु गठन गरि यस नीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरि तल दिए अनुसार सबै क्षेत्रमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गर्नेछ :

(क) पालिका लै.स.सा.स. नीति समन्वय, सहजिकरण, कार्यान्वयन, सुपरिबेक्षण तथा अनुगमन समिति यस लै.स.सा.स. नीतिलाई समन्वय, सुपरिबेक्षण तथा अनुगमन गर्न निम्नानुसारको एक नगर स्तरीय समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | अध्यक्ष |
| २. | नगर उपप्रमुख | सदस्य |
| ३. | सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ४. | कार्यपालिकाका सदस्यहरु मध्येवाट अध्यक्षले तोकेको (एक जना महिला, एक जना दलित सहित) ३ जना | सदस्य |
| ५. | नगरद्वारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्तिवा संस्था मध्येवाट बढीमा २जना (एक जना महिला सहित) | सदस्य |
| ६. | नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ७. | नगरपालिकाको अधिकृतस्तरको कर्मचारी १ जना | सदस्य |
| ८. | नगरपालिकाको सामाजिक शाखा हेर्ने शाखाको प्रमूख | सदस्य-सचिव |

(**नोटः** आवश्यकता अनुसार लै.स.सा.स. क्षेत्रमा कार्यरत गै.स.स., महिला संजाल, युवासंजाल, अपाङ्गता भएका व्यक्तिहरुको संजाल, लैंगिक तथा यौनिक अल्पसंख्यक समूह, आमा समूह, बिज्ञ, उद्योग बाणिज्य संघ, पत्रकार महासंघका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ) ।

**(अ) नगर स्तरीय समितिको काम, कर्तव्य र अधिकार यसप्रकार हुनेछ :**

१. नगरपालिका भित्रको महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मुस्लिम, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन एवम्रु विश्लेषण गर्ने ।
२. लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धि गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नगर कार्यपालिका समक्ष सिफारिस गर्ने ।
३. यस नीतिसंग सम्वन्धित योजना, बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको नतिजामुखी समिक्षा, अनुगमन तथा मूल्यांकन गर्ने ।
४. नगरपालिकाको नियमित रुपमा लैंगिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।
५. लै.स.सा.स.संग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी, संम्झौताहरुको समन्वय, सहकार्य, सहजिकरण र कार्यान्वयन गर्ने गराउने ।







६. नगरपालिका क्षेत्रभित्र लै.स.सा.स.संग सम्वन्धि कामगर्ने संघसंस्थाहरुसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**(आ)नगर स्तरीय समितिको बैठक र निर्णय :**

१. समितिको बैठक प्रत्येक दुई महिनाको कम्तिमा एक पटक बस्न सक्नेछ र आवश्यकताअनुसार अन्य समयमा पनि वस्न सक्नेछ ।
२. अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ ।
३. समितिको बैठक बस्नुभन्दा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।
४. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
५. समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।
६. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**(ख) वडा-स्तरीय समिति :**

नगरपालिकाको प्रत्येक वडामा यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ । जसमा देहायबमोजिका अध्यक्ष तथा सदस्यहरु रहनेछन् :

| | | |
|---|---|---|
| १. | सम्वन्धित वडाका वडा अध्यक्ष | संयोजक |
| २. | सम्वन्धित वडाका वडा सदस्यहरु | सदस्य |
| ३. | सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्यगर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका वढीमा २ (एक जना महिला सहित) जना सदस्यहरु | सदस्य |
| ४. | सम्वन्धित वडाका वडा सचिव | सदस्य सचिव |

**(अ) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार :**

१. वडा भित्रको महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मृस्लिम, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।

२. वडा भित्रको महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि कार्यक्रम बनाई वडा समितिमा पेश गर्ने ।

३. वडाभित्र योजना छनौट प्रक्रियामा महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैंगिक तथा यौनिक अल्पसंख्यक आदि समुदायको अर्थपूर्ण सहभागिता अनिवार्य गर्ने गराउने ।

४. वडाका सबै संरचनाहरुमा ३३% महिलाको सहभागिताको सुनिश्चिता गर्ने र ५०% को लागि आवश्यक पहल गर्ने ।

५. यस नीतिसंग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पहिचान गरि उनीहरुको कार्यक्रमलाई लै.स.सा.स. मैत्री बनाउन सहजिकरण गर्ने ।

६. वडाको वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट लै.स.सा.स. उत्तरदायी वा संवेदनशिल भए नभएको सुनिश्चित गर्ने, विश्लेषण गर्ने र वर्षको अन्तिममा नियमित लै.स.सा.स. परीक्षण गराउन सहजिकरण गर्ने ।

७. वडाको कार्यक्षेत्र भित्र लैंगिक हिंसा तथा घरेलु हिंसाको उजुरी गर्ने प्रचलन अति न्यून रहेको, उजुरी भैहाले पनि उजुरी कर्ताको सुरक्षाको निम्ती कुनै व्यवस्थान रहेकोले वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलु हिंसा र दुरर्व्यबहार सम्बन्धि विषयमा प्राप्त गुनासाहरु लै.स.सा.स. नीति समन्वय सहजिकरण, कार्यान्वयन, सुपरिबेक्षण तथा अनुगमन समितिलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने गराउने ।

**३. क्षमता विकास सम्वन्धि:**

१. नगरपालिकाको नेतृत्व तह, राजनीतिक दलका प्रतिनिधिहरू तथा विपक्षी दलसहितलाई लै.स.सा.स.को मूल अवधारणा र यस सम्वन्धी संवेदनशील बनाउने ।

२. नगरपालिकाको सामाजिक/महिला तथा बालबालिका शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गरि लै.स.सा.स. मैत्री कार्य-जिम्मेवारी तोकी, प्रविधिमैत्री बनाई आवश्यकता अनुसार संस्थागत र व्यक्तिगत दुबै तहमा नतिजामुखी क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।







३. तालिम, अनुशिक्षण लगायतका विधिमार्फत महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक आदिको अधिकार, पहुँच तथा नगरको भूमिका सम्बन्धमा सबै नगर अन्तर्गतका इकाई तथा कर्मचारी बिचमा स्पष्टता ल्याइने छ ।

४. लै.स.सा.स. सम्बन्धि जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यान्वयन गर्ने ।

५. लै.स.सा.स. सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामग्रीको प्रकाशन र तालिम निर्देशिकाहरु तयार गरी समयानुकल सुधार गरी कार्यान्वयन गर्ने ।

६. प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गर्ने ।

७. लै.स.सा.स.आचरण र व्यबहार एक आदर्श, नैतिक विषयसमेत भएकोले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तदनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्याकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्ने ।

८. नगरपालिकाको सबै कामलाई लै.स.सा.स.मैत्री बनाउन पालिका तथा वडामा लैंगिक सम्पर्क व्यक्ति तोक्ने र सबै तहको कार्यस्थलको संस्कारमा सुधारको पहल गर्ने ।

९. लै.स.सा.स. सम्बन्धि असल अभ्यास छनौट गरी सोको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने ।

१०. नगरभित्र, नगरमा रहेका संघसंस्था तथा समितिमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँच योग्यता, सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लै.स.सा.स.को अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गर्ने ।

**४. गुनासो व्यबस्थापन सम्वन्धी व्यवस्था:**

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरुले वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलु हिंसा र दुरर्व्यबहार सम्बन्धि विषयमा आफ्ना गुनासा तथा सुझावहरु भए निर्बाधरुपमा कानुनबमोजिम राख्न सक्दछन् । यस्ता गुनासाहरुको

व्यवस्थापन गर्न वडाकार्यालयमा कम्तीमा एक-एक जना महिला तथा पुरुषलाई सम्पर्क व्यक्तिको रुपमा तोकिनेछ ।

**(क) गुनासाहरुको संकलन, दर्ता तथा व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्तिहरु देहायबमोजिम हुनेछन् ।**

- महिलाहरुको तर्फबाट
- पुरुषहरुको तर्फबाट

**(ख) सम्पर्क व्यक्तिहरुको काम, कर्तव्य निम्नानुसार हुनेछ ।**

- वडावासीहरुलाई गुनासो व्यवस्थापन संयन्त्रको बारेमा जानकारी दिने र सचेत गराउने ।
- वडामा विभिन्न माध्यमबाट आएका लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसार दुर्व्यवहार सम्बन्धी घटनाहरुको दर्ता गरी अभिलेख राख्ने ।
- यस्ता गुनासाहरुको व्यवस्थापन तथा आवश्यक कारबाहिको लागि वडा कार्यालय लै.स.सा.स. समितिलाई जानकारी गराउने ।
- वडा कार्यालय र लै.स.सा.स. समितिसँग सहकार्य गरि हिंसा पिडितलाई आवश्यक पर्ने सहयोग गर्ने ।
- सम्बोधन गरिएका गुनासाहरुको अभिलेख राख्ने र सम्बन्धित गुनासोकर्तालाइ गुनासो प्राप्त र सम्बोधन भए पश्चात जानकारी गराउने ।
- गुनासाहरुको उपयुक्त (सम्मान, सम्वेदनशीलता र पारदर्शि, समय आदी) तरिकाले व्यवस्थापन भैरहेको सुनिश्चत गर्ने ।
- आवश्यक परे कानुनी सहयोगका लागि सहजिकरण गर्ने ।

**(ग) गुनासो तथा सुझावहरु प्राप्त गर्ने तरिकाः**

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरुले वडा कार्यालयको कार्यक्षेत्र भित्र पर्ने विषयमा आफ्ना गुनासा तथा सुझावहरु निम्न उल्लेखित तरिकावाट राख्न सक्दछन्:

- आफ्ना गुनासो वडा कार्यालयवाट उपलब्ध गराईएको गुनासो फाराम भरी यस वडा भित्र राखिएको सुझाव पेटिकामा खसाल्न सक्छन् वा वडाकार्यालयमा स्वयं उपस्थित भई वा सम्बन्धित कर्मचारीहरु मार्फत राख्न सक्दछन् ।
- वडा कार्यालयमा सोझै वा हुलाक मार्फत गुनासो पत्र पठाउन सक्दछन् ।
- वडा कार्यालयको वेब-साईट वा ईमेल मार्फत पठाउन सक्दछन् ।







- वडा कार्यालयका कर्मचारीको हकमा आफ्ना गुनासाहरु माथि उल्लेखित कुनैपनि माध्यमवाट सोझै वडा कार्यालयमा दिन सक्दछन् ।
- प्राप्त गुनासो तथा सुझावहरुलाई वडा कार्यालयले तोकिएका फोकल व्यक्तिहरुले प्रकृया बमोजिम दर्ता गरी सम्बन्धित वडास्तरीय समिति हुँदै लै.स.सा.स. नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिबेक्षण तथा अनुगमन समितिको बैठकमा आवश्यक छलफल र समिक्षाका लागि पेश गर्दछन् । उक्त समितिले दर्ता भएका गुनासोउपर गर्नुपर्ने कारवाहीका निर्णय गरी वडा समिति मार्फत सम्बन्धित गुनासोकर्तालाई जवाफ/संदेश पठाउने वा उस्तै प्रकतिका गुनासाहरुको हकमा सार्वजनिक सूचना प्रकाशित गरी गुनासो संबोधन गर्नेछ ।

**७.६ समन्वय, सहकार्य, सहजिकरण र साझेदारी**

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं विकास साझेदार संस्थाहरु, अन्तर्राष्ट्रिय गै.स.स., नागरिक समाज, संचार क्षेत्र, निजी क्षेत्र, सामुदायिक समूहहरू तथा नागरिकहरू बीच तल उल्लेख गरेअनुसार साझेदारी, समन्वय, सहकार्य, सहजिकरण तथा साझेदारी गर्न सकिनेछ :

| | | |
|---|---|---|
| १. | केन्द्रीय तथा प्रादेशिक सरकारहरु | • लै.स.सा.स.लाई राष्ट्रिय नीतिहरुमा एकीकृत गर्दै जोड्ने र लै.स.सा.स. मैत्री संस्थागत ब्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने ।<br>• लै.स.सा.स.दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने ।<br>• लै.स.सा.स. सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशसंग सहकार्य तथा समन्वय गर्ने ।<br>• लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण कार्यान्वयनका लागि आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने ।<br>• महिला तथा सिमान्तकृत समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पुर्याउन कार्यान्वयन तहमा नतिजामुखी समन्वय कायम गर्ने । |

| | | |
|---|---|---|
| २. | महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, बादी समुदाय, एकल महिला, अपाङ्गता तथा जेष्ठ नागरिक, बालबालिका, किशोर किशोरी, युबा, मधेशी, मुस्लिम, लैंगिक तथा यौनिक अल्पसंख्यक आदि वान्चितिकरणमा परेका समूहहरु | खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको नतिजामुखी अनुगमन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने । |
| ३. | विकास साझेदार संस्था तथा अन्तर्राष्ट्रिय गै.स.स.हरु | केन्द्रीय, प्रदेश तथा स्थानीय सरकारहरुको लै.स.सा.स.सम्बन्धी बाधा र क्षमता बिकासको अवस्था विश्लेषण गर्ने कार्यमा सहयोग र साझेदारी गर्ने ।<br>लै.स.सा.स.लाई केन्द्रदेखि स्थानीय तहसम्म एकीकृत गरि नतिजामुखी अनुगमन, मूल्यांकन ररिपोटिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गर्ने ।<br>यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय, प्रदेश एवम् स्थानीय तहमा नतिजामुखी सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने । |
| ४. | नागरिक समाज, गै.स.स., संचार तथा निजी क्षेत्र | • महिला तथा वञ्चित समूहहरूको सशक्तिकरणका लागि आर्थिक, प्राविधिक र व्यवसायिक सहयोग पुर्याउन नतिजामुखी समन्वय र सहकार्य गर्ने ।<br>• यो नीति लगायत लै.स.सा.स.संग सम्वन्धित अन्य दस्तावेजहरुको बारेमा सरोकारवालाहरू, महिला तथा अन्य सीमान्तकृत समूहहरुसंग अन्तरकृया, छलफल आदिको माध्यमबाट सुचना प्रवाह गरि जनचेतना अभिबृद्धि गर्न सहयोग गर्ने । |
| ५. | स्थानीय समुदाय | • आफ्ना बस्ती तहका परिवारहरुको खण्डीकृत सूचनाहरूको अभिलेख राख्न नगरपालिकासंग सहकार्य तथा सहयोग गर्ने ।<br>• वस्ति स्तरबाट माग गर्नुपर्ने योजनामा महिला, दलित तथा पिछडिएको समुदायको सक्रिय सहभागिता गराउनका लागि समन्वय तथा सहयोग गर्ने ।<br>• लै.स.सा.स. दृष्टिकोणबाट योजना प्रगति एवम् चुनौतिहरूको नतिजामुखी निरीक्षण तथा अनुगमन गर्ने ।<br>• महिला, दलित तथा पिछडिएको समूहको विकास गर्न विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै वहससञ्चालन गराउनका लागि समन्वय गर्ने<br>• पिछडिएका वर्गहरुको आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तिकरण गर्नको लागि समुदायसँग समन्वय गर्ने ।<br>• लैङ्गिक समानता प्राप्तिको लागि प्रत्येक घर परिवारमा सचेतिकरण गर्नको लागि समन्वय तथा सहयोग गर्ने ।<br>• महिलाले घरमा गर्ने भूमिकालाई उत्पादकत्वमूखि बनाउन सहयोग गर्नको लागि समन्वय तथा सहकार्य गर्ने ।<br>• यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि साझेदारकोरूपमा काम गरी सहयोग गर्ने । |







## ८. कानुनी व्यवस्था

यस नीतिलाई नगरसभाको बैठकले अनुमोदन गरी कार्यान्वयनमा ल्याईने छ । यो नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लान कानून, नियमावली तथा कार्यविधि र कार्ययोजनाको व्यवस्था गर्न जरूरी हुन्छ । अतः नगरपालिकाले १ वर्ष भित्रमा कानून, नियमावली र कार्यविधिको तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लानेछ ।

## ९. नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन तहमा लैजान आवश्यकता अनुसार संयोजन रसहकार्य गर्ने प्रमुख दायित्व नगरपालिका नेतृत्वको रहनेछ। साथै यस नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नगरसभाका सबै जनप्रतिनिधिहरु, वडा, टोल स्तरिय समितिका सदस्यहरु लगाएत नागरिक समाजको समेत जिम्मेवारीर दायित्व रहनेछ। विभिन्न समिति तथा समूहहरुलाई क्रियाशिल बनाउन नगर स्तरिय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ। नगरपालिकाले यो नीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिबद्धिमा पनि जोड दिनेछ। तर्जुमा भएका नीति, कार्यविधि तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि संयोजन गर्ने, बजेटको ब्यबस्था गर्ने, फलोअप गर्ने कार्य नगरपालिकाको रहनेछ।

## १०. सम्भावित जोखिमहरु तथा यसको न्युनीकरण गर्ने उपायहरु

यस नीतिको कार्यान्वयन गर्ने काम बहुपक्षिय सरोकारको विषय भएकोले यसको सफल एवं प्रभावकारी कार्यान्वयन गर्न नगरपालिकालाई निम्न जोखिम वा अवरोध आउन सक्छ। जसको निराकरणका लागि देहायवमोजिमको उपायहरु अवलम्वन गरिनेछ:

| सि.नं. | सम्भावित जोखिमहरु | जोखिम न्युनिकरण गर्ने उपायहरु | जिम्मेवार शाखा र निकाय |
|---|---|---|---|
| १. | लै.स.सा.स. सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुमा साझा बुझाईमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुनसक्ने सम्भावना। | लै.स.सा.स.सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन नतिजामुखी तालिम, गोष्ठी, अन्तर्क्रिया तथा छलफलको आयोजना गर्ने। | -नगर कार्यपालिका<br>- नगरपालिकाका सामाजिक विकास/महिला विकास शाखाहरु<br>- वडा कार्यालयहरु<br>- गै.स.स., नागरिक समाज,विकास साझेदार, अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र आदि। |







| सि.नं. | सम्भावित जोखिमहरु | जोखिम न्युनिकरण गर्ने उपायहरु | जिम्मेवार शाखा र निकाय |
|---|---|---|---|
| २. | लै.स.सा.स.को बिषय नगरपालिकाको प्राथमिकतामा नपर्न सक्ने। | लै.स.सा.स.मूलप्रवाहीकरणको कार्यमा नगरपालिका नेतृत्व तथा सबै सरोकारवाला संघ-संस्था तथा व्यक्तिहरू लैङ्गिक मूलप्रवाहीकरण गर्ने कार्यमा बढीभन्दा बढी मात्रामा उत्प्रेरित एवं उत्साही भएर लागि रहने। | - नगरसभा,<br>- नगर कार्यपालिका नेतृत्व<br>- वडा कार्यालयहरु |
| ३. | हामीमा पितृ सत्तात्मक सोच अझै पनि हावी रहेको सन्दर्भमा यस नीतिले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, सिमान्तकृत वर्ग तथा समूहलाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण यो नीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ। | १. यस प्रकारको सोचलाई फेर्न राजनैतिक दलहरुको प्रतिबद्धता जुटाई यसको नेतृत्वले मुख्य भूमिका खेल्ने।<br>२. नगरपालिका नेतृत्वले बहु-पक्षीय सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्य बढाउने। | - नगरसभा<br>- नगर कार्यपालिका नेतृत्व<br>- वडा कार्यालयहरु |
| ४. | सार्बजनिक तथा नीजी क्षेत्रका सबै संरचनाहरूमा महिला तथाअन्य सिमान्तकृत समूहहरुको समानुपातिक सहभागिता नहुँदा लै.स.सा.स. नीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुनसक्छ। | यो नीतिको प्रभाबकारी कार्यान्वयन गर्नु यस नगरपालिका अन्तर्गतका सबै सरोकारवालाहरुले नैतिक एवं कानुनी जिम्मेवारी लिने। | -नगरपालिकाका सामाजिक विकास/महिला विकास शाखाहरु<br>- गै.स.स., नागरिक समाज, निजी क्षेत्र आदि। |

| सि.नं. | सम्भावित जोखिमहरु | जोखिम न्युनिकरण गर्ने उपायहरु | जिम्मेवार शाखा र निकाय |
|---|---|---|---|
| ५. | लै.स.सा.स.को लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच स्थापित नहुनु। | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्सांकन गर्ने तथा लक्षित कार्यक्रम संचालन गर्ने। | - सामाजिक विकास/ महिला विकास शाखाहरु<br>-गै.स.स., नागरिक समाज,निजी क्षेत्र आदि। |
| ६. | लै.स.सा.स. नीति लागु गर्ने सम्बन्धमा नगरपालिकाको नेतत्वतहको राजनीतिक इच्छाशक्ति कम भएमा नीति कार्यान्वयनमा कठिनाई हुने सम्भावना। | नगरपालिका नेतृत्वले सबै सरोकारवालाहरुसंग सहकार्य तथा समन्वय कायम राखी राजनीतिक<br>स्वार्थ भन्दा माथि उठी समाबेशी तथा सहभागीमुलक नगरविकास गर्न गराउन यो नीति लागु गर्ने। | - नगर कार्यपालिका नेतृत्व<br>- वडा कार्यालयहरु |
| ७. | यो लै.स.सा.स. नीति कार्यान्वयनमा दक्ष जनशक्ति तथा वित्तिय श्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ। | हरेक बर्ष बन्ने नीति,योजना तथा बजेटमा यो नीति कार्यान्वयन आवश्यक जनशक्ति तथा वित्तिय श्रोतको प्राथमिकताका साथ ब्यबस्था गर्ने। | - नगर कार्यपालिका नेतृत्व<br>- वडा कार्यालयहरु |
| ८. | लै.स.सा.स. नीति बहुपक्षीय सरोकारको विषय भएकोले नतिजामुखी समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ। | -पालिकाको यो नीतिको कार्यान्वयन के कस्तो भइरहेको छ यसको लागि सबै सरोकारवालाहरुसंग नियमित छलफल, अन्तरक्रिया र कार्यान्वयनको सिलसिलामा देखिएका समस्या/ सवालहरुबारे नियमित समिक्षा तथा मूल्याकन गरी अगाडी बढ्ने।<br>-नगरपालिकाको नीति कार्यान्वयन समितिको नियमित वैठक व्यवस्था गर्ने। | - सामाजिक विकास शाखा<br>- नगरपालिका<br>- वडा कार्यालय लगायत सबै सरोकारवालाहरु |







**११. नीति पुनरावलोकन तथा सुधार**

यस नीति कार्यान्वयनको प्रभावकारीता र उपादेयतालाई आवश्यता अनुसार नगरपालिकाले पुनरावलोकन, संशोधन, आवश्यक थपघट वा हेरफेर तथा सुधार गरिनेछ ।

**१२. बाधा अड्चन फुकाउने**

यस नीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस नीतिका प्रावधानलाई प्रतिकुल असर नपर्नेगरी नगरपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ ।

**अनुच्छेदहरुः**

**अनुच्छेद -१ :** तिन बर्षे (आ.व. २०८१/८२-२०८३/८४) कार्ययोजना/कार्यक्रम तथा प्रमाणीकरणका आधारहरु :

| सि.नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| **(क) नीतिगत र कानुनी रूपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्ने।** | | | | |
| १. | लै.स.सा.को ब्यबहारिक कार्यान्वयनका लागि आबश्यक पर्ने कार्यविधि र निर्देशिकाहरु निर्माण गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि। | लै.स.सा.स. सम्बन्धि ऐन कानून निर्माण गर्ने, सो उल्लेख भएको नगरपालिकाको निर्णय तथा राजपत्रको प्रति, निर्माण भएका कानूनहरुको प्रतिलिपि र तिनीहरुको कार्यान्वयन योजना, बजेट तथा प्रतिवेदनहरु, कार्यालय वेभसाइट आदि। |

| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| २. | सबै राजनीतिक दलका प्रतिनिधिहरु लगायत सरोकारवालाहरुलाई यस लै.स.सा.स.नीति बारे अभिमूखीकरण गरि यसको प्रभावकारी कार्यान्वयन गर्न सहज बातावरण निर्माण गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | निर्णय प्रतिवेदन, प्रगति प्रतिवेदनहरु आदि । |
| ३. | नगरपालिकाको पूर्वाधार व्यवस्थापन तथा सेवाप्रवाहसँग सम्बन्धित नीति तथा कानुनमा लै.स.सा.स.को पक्ष विश्लेषण गरी आवश्यक परिमार्जनको शुरुवात गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | निर्णय प्रतिवेदन, प्रगति प्रतिवेदनहरु आदि । |
| ४. | लै.स.सा.स.को व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू अद्यावधिक गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | निर्णय प्रतिवेदन, प्रगति प्रतिवेदनहरु आदि । |
| ५. | यस लै.स.सा.स. नीति तथा कानुनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तय गरी लैङ्गिक समानता र महिला तथा सीमान्तकृत समूहहरूको सशक्तिकरण गर्न कार्यक्रमहरु संचालन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | निर्णय प्रतिवेदन, प्रगति प्रतिवेदनहरु आदि । |







| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ६. | यस लै.स.सा.स. नीति सम्बन्धी सूचनामूलक सामग्रीको प्रकाशन तथा संप्रेषण गर्ने । | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | प्रकाशन तथा वेभसाइट आदि । |
| ७. | विपद तथा महामारीका समयमा हुने विभेद तथा सबै खालका सवाल तथा समस्याहरुको सम्बोधनका लागि नीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | तयार गरेका नीति तथा कार्ययोजनाको प्रतिलिपि लगायत सोको कार्यान्वयनसम्बन्धी दस्तावेज/रिपोर्ट आदि । |
| **(ख) लै.स.सा.स. मैत्री योजना, बजेट निर्माण तथा कार्यान्वयन गरि नगरका विकास निर्माण र सेवा प्रवाहका सवाललाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने ।** | | | | |
| १. | महिला, दलित, आदिबासी जनजाति, मधेशी,अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठनागरिक लगायतको विकास, योजना तथा बजेट निर्माणका साथै अनुगमन प्रक्रियामा सहभागिता प्रबर्धन गर्नुका साथै महशुस हुने गरी नगरको सेवालाई पहुँचयोग्य बनाइने । | नगरपालिका, वडाकार्यालयहरुतथा योजनाशाखा | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | १. बार्षिक योजना तथा बजेट सिलिंग निर्धारण गरेको निर्णयहरु, सभामा पेश गरेको रेकर्ड, सभाको वैठक, उपस्थिति र निर्णय पुस्तिका आदि ।<br>२. लैंगिक उत्तरदायी बजेट प्रणाली मार्फत योजना तथा बजेट तर्जुमा गरी प्रयाप्त बजेटको बिनियोजन गरि प्रभाबकारी कार्यान्वयन गरेका प्रतिवेदनहरु । |

| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| | | | | ३.सबै कार्यक्रम तथा योजनाको प्रत्येक चरणमा लै.स.सा.स. दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गरी यसलाई संस्थागत गरेका प्रतिवेदनहरु। |
| २. | नगरपालिकाको कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समूहहरुको सम्वेदनशीलतालाई ध्यान दिइ लै.स.सा.स. उत्तरदायी बजेटको निर्माण गर्न पहल गर्ने। | राजस्व परामर्शसमिति, वजेट तथा स्रोत अनुमान समिति, वडा कार्यालयहरु तथा योजना शाखा | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि। | १. बार्षिक योजना तथा बजेट सिलिंग निर्धारण गरेका निर्णयहरु, बार्षिक योजना तथा बजेटका प्रतिहरु, योजना प्राथमिकता निर्धारणको निर्णयहरु, सभामा पेश गरेको रेकर्ड, सभाको वैठक, उपस्थिति र निर्णय पुस्तिका आदि।<br>२. लैंगिक उत्तरदायी बजेट प्रणाली मार्फत योजना तथा बजेटतर्जुमा गरी प्रयाप्त बजेटको बिनियोजन गरि प्रभाबकारी कार्यान्वयन गरेका प्रतिवेदनहरु।<br>३.सबै कार्यक्रम तथा योजनाको प्रत्येक चरणमा लै.सा.स. दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गरि यसलाई संस्थागत गरेका प्रतिवेदनहरु। |





लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१

| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ३. | सबै योजना र कार्यक्रमको लै.स.सा.स. मैत्री एवं नतिजामुखी अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि। | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन आदि दस्तावेजहरु |
| ४. | लै.स.सा.स. उत्तरदायी बजेट प्रणालीको निर्माण र त्यस्ले अपेक्षा गरेका उपलब्धिहरुको प्रत्याभूत गर्ने कार्यमा सहजिकरण गराउने तथा बजेट तर्जुमाको समयदेखि नै कार्यक्रमहरुलाई समावेशी हुने गरी तर्जुमा, कार्यान्वयन, अनुगमन गराउने कार्यलाई प्राथमिकता दिने। | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि। | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन आदि दस्तावेजहरु |
| ५. | अपांगता भएका व्यक्तिहरुले संचालन गरेका संघसंस्थाहरुलाई अपांगता लक्षित बजेट अनुदान दिने व्यवस्था गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुको संवेनशिलतालाई मध्य नजर गरी अनुदानको कार्यक्रमहरु सवै वर्गको सवाललाई सम्वोधन हुने गरी व्यवस्थापन गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि। | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन आदि दस्तावेजहरु |

| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ६. | लै.स.सा.स. तथा लैंगिक उत्तरदायी योजना तथा बजेटको अवधारणाको प्रवर्धन गरि यसै अनुसार नगरपालिकाको विकासको लागि योजना तथा कार्यक्रम बनाई लागु गर्ने । यसरी योजना तथा बजेट निर्माण गर्दा महिला तथा सीमान्तकृत समूह आदिलाई प्राथमिकता दिई उनीहरुलाई विकासको मूलधारमा ल्याउन पुँजीगत बजेटको उपयुक्त % छुट्टयाई योजना/कार्यक्रमहरुको प्राथमिकिकरण, कार्यान्वयन तथा अनुगमन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | निर्मित योजना तथा बजेटको प्रतिलिपि, कार्यान्वयन कार्य-योजना, निर्णयका दस्तावेजहरु, कार्यान्वयन तथा अनुगमन रिपोर्ट आदि । |
| ७. | सबै योजना र कार्यक्रमको लै.स.सा.स. मैत्री एवं नतिजामुखी अनुगमन् प्रतिवेदन र मूल्यांकन गर्ने गराउने । | नगरपालिका तथा वडा कार्यालयहरु तथा योजना शाखा | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | निर्मित योजना तथा बजेटको प्रतिलिपि, कार्यान्वयन कार्य-योजना, निर्णयका दस्तावेजहरु, कार्यान्वयन तथा अनुगमन रिपोर्ट आदि। |







| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ८. | नगरपालिकाको हरेक पुर्बाधारगत संरचनालाई अपाङ्गतामैत्री, ज्येष्ठ नागरिकमैत्री तथा बालमैत्रीबनाई नगरपालिकाले प्रबाह गर्ने सबै सेवासुबिधाहरुलाई यी कमजोर बर्ग तथा समुहमा प्रबाह हुने गरी योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | निर्मित योजना तथा बजेटको प्रतिलिपि, कार्यान्वयन कार्य-योजना, निर्णयका दस्तावेजहरु, कार्यान्वयन तथा अनुगमन रिपोर्ट आदि । |
| ९. | आर्थिक, सामाजिक र राजनीतिक गतिविधिहरूमा महिला लगायत सिमान्तकृत समूहहरूकोसहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | महिला लगायत सिमान्तकृत समूहहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरेका दस्तावेजहरु । |
| १०. | योजनाहरुको अनुगमन गर्दा लै.स.सा.स.दृष्टिकोणबाट गरिने र अनुगमन समितिको क्षमता अभिबृद्धि गर्ने र अनुगमन तथा मूल्यांकनका कार्यलाई नियमित गर्ने, अनुगमनबाट प्राप्तसिकाईका आधारमा कार्ययोजनाहरु तर्जुमा गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | गैसस, नागरिक समाज, निजी क्षेत्र आदि । | अनुगमन गर्दा लै.स.सा.स. दृष्टिकोणबाट गरिने र अनुगमन समितिको प्रतिवेदन, क्षमता अभिबृद्धि वा तालिमबारेको कार्ययोजना तथा प्रतिवेदन आदि । |

| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| **(ग) लै.स.सा.स. प्रबर्द्धन गर्न नगरपालिकाको संस्थागत संरचना/संयन्त्र निर्माण तथा सुदृढीकरण गरि नगरपालिकाको संस्थागत तथाव्यक्तिगत तहमा क्षमता अभिबृद्धि गर्ने ।** | | | | |
| १. | नगरपालिका ले विभिन्न समितिहरु जस्तै: पालिका स्तरीय लै.स.सा.स. नीति समन्वय, सहजीकरण, वडा तथा वडा स्तरीय लै.स.सा.स. नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सूपरिबेक्षण तथा अनुगमन समिति आदि गठन गरि यस नीतिको प्रभावकारी कार्यान्वयन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, विकास साझेदारी, गैसस, नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि । | बिभिन्न समितिहरु गठन सम्बन्धी निर्णयका दस्ताबेजहरु, समितिको बैठक लगायत उपस्थिति र निर्णय पुस्तिका आदि । |
| २. | लै.स.सा.स. सम्बन्धि गुनासो ब्यबस्थापन गर्न वडाकार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसाघरेलु हिंसा र दुर्ब्यबहार सम्बन्धि गुनासा तथा सुझावहरु भए निर्बाधिरुपमा राख्न र त्यसको समाधान गर्न सम्पर्क व्यक्ति तोकि संचालन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि । | १.महिला/यौन हिंसा, दुर्व्यवहारबारे गुनासोसुन्ने ब्यक्ति तोकेको र प्राप्त गुनासाहरुको व्यवस्थापन गरेको प्रतिवेदनहरु । २. छुवाछुत सामाजिक कुरीति, अन्धविश्वास, लैंगिक विभेद र हिंसाका घटनाहरुसंग सम्वन्धित उजुरी दर्ता किताब र यस सम्वन्धि नगरपालिकाको नीति तथा कार्यान्वयन योजनाको प्रति आदि । |







| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ३. | नगरपालिकाको नेतृत्व तह, राजनीतिक दलका प्रतिनिधिहरू तथा विपक्षी दल सहितलाई लै.स.सा.स.को मूल-अवधारणा र यस सम्वन्धी क्षमता विकास गरी संवेदनशील बनाउने । | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गैसस, नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि । | क्षमता विकास सम्बन्धी दस्तावेजहरु, प्रतिहरु, तालिम लिएका पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा समुदायको क्षमता विकास तालिम दिईएको संख्या र अभिलेख र रेकर्ड पुस्तिका आदि । |
| ४. | नगरपालिकाको सामाजिक/ महिला तथा बालबालिका शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गरिलै.स.सा.स. मैत्री कार्य-जिम्मेवारी तोकी, प्रविधिमैत्री बनाई आवश्यकता अनुसार संस्थागतर व्यक्तिगत दुबै तहमा क्षमता विकासका कार्यक्रमतय गरी कार्योन्वयन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि । | कार्य-जिम्मेवारीको प्रतिलिपिहरु, सस्थागत र व्यक्तिगत दुबै तहमा क्षमता विकासका कार्यक्रम संचालन गरेका दस्तावेजहरु आदि । |
| ५. | तालिम,अनुशिक्षण लगायतका विधिमार्फत महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदिको अधिकार, पहुँच तथा नगरको भूमिका सम्बन्धमा सबै नगर अन्तर्गतका इकाई तथा कर्मचारी बिचमा स्पष्टता ल्याइने । | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि । | तालिम, अनुशिक्षण कार्य-योजना, सहभागीहरुको हाजिरी, रिपोर्ट आदि । |

| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ६. | लै.स.सा.स. सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामग्रीको प्रकाशन र तालिम निर्देशिकाहरु तयार गरी समयानुकूल सुधार गरी कार्यान्वयन गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि। | सूचनामूलक सामग्री प्रकाशन र तालिम निर्देशिकाहरुको विवरण तथा दस्तावेजहरु। |
| ७. | प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | सूचनामूलक सामग्री प्रकाशन र तालिम निर्देशिकाहरुको विवरण तथा दस्तावेजहरु। |
| ८. | लै.स.सा.स. आचरण र व्यबहार एक आदर्श, नैतिक विषयसमेत भएकोले सेवा प्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद् अनुकुल बनाउन मार्गदर्शन आचार संहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्यांकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | आचारसंहिता निर्माण, क्षमता अभिवृद्धि तथा कार्यसम्पादन सम्बन्धी प्रतिवेदनहरु। |







| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ९. | लै.स.सा.स. सम्बन्धि जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यान्वयन गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि। | वैठक तथा यसको निर्णयहरुको प्रतिलिपि, तालिम कार्य-योजना र सोको कार्यान्वयन गरेका प्रतिवेदनहरु। |
| १०. | महिला बाल-बालिका, आदिबासी जनजाती, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, मधेशी,दलित, मुस्लिम, पिछडा बर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि। | आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गरेका प्रतिवेदन, लै.स.सा.स.सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण गरेका सामग्रीहरु, रेकर्ड आदि। |
| ११. | आवश्यकता अनुसार सञ्चार माध्यमबाट लै.स.सा.स. सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि। | आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गरेका प्रतिवेदन, लै.स.सा.स.सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण गरेका सामग्रीहरु, रेकर्ड आदि। |

| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| १२. | नगरपालिकाको सबै कामलाई लै.स.सा.स. मैत्री बनाउन पालिका तथा वडामा लैंगिक सम्पर्क व्यक्ति तोक्ने र सबै तहको कार्यस्थलको संस्कारमा भएन भनि सेवाग्राहीसंग सर्वेक्षण प्रतिवेदन,सुधारको पहल गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | | सम्पर्क व्यक्तिको कार्य-विवरणको प्रतिलिपि, लै.स.सा.स.मैत्री कार्यस्थल भयो भएन भनी सेवाग्राहीसंग सर्वेक्षण प्रतिबेदन, प्रगति प्रतिबेदनहरु आदि । |
| १३. | लै.स.सा.स. सम्बन्धी भएका असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने गराउने । | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि । | बैठक तथा यसको निर्णयहरुको प्रतिलिपि, प्रचार प्रसार गरेका सामग्रीहरु, रेकर्ड, प्रगति प्रतिबेदन आदि । |
| **(घ) दिगो विकास र आर्थिक समृद्धिका लागि महिला लगायत सिमान्तकृत समूहहरुका लागि आर्थिक सशक्तिकरणका गतिविधिहरु संचालन गर्ने ।** | | | | |
| १. | महिला लगायत सीमान्तकृत समूहहरुको व्यवहारिक सीप तथा ज्ञानको अध्ययन गरी प्रबर्द्धन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि । | अध्ययन प्रतिवेदनहरु, मिटिंग माइनुटआदि । |







| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| २. | नगरपालिकाको योजनामा महिला लगायत सीमान्तकृत समूहहरुको उद्यमशिलता प्रबर्द्धन गर्ने खालका कार्यक्रम तथा आवश्यक बजेट विनियोजन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि । | १. बार्षिक योजना, कार्यक्रम तथा आवश्यक बजेटको प्रति तथा प्रतिवेदनहरु । २.आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुँच तथा नियन्त्रणमा बृद्धि गर्ने कार्यक्रममा समाबेश भएको अतिविपन्न र सीमान्तकृत महिलाहरुको संख्या आदि । |
| ३. | महिला लगायत सीमान्तकृत समूहहरुलाई आर्थिकरुपमा सशक्त र स्वतन्त्र बनाउन आर्थिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालनका लागि कार्ययोजना तथा बजेट विनियोजन गर्ने । | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि । | कृषि तथा गैरकृषि सेवा केन्द्र संख्या, सहकारी फाइनान्स कम्पनिबाट बिपन्न तथा एकल महिला, दलित तथा विपन्न वर्गका व्यक्तिहरुलाई सर्वसूलभ व्याजदरमा सहुलियत ऋणको विवरण, महिला, दलित तथा विपन्न वर्गको उद्यमशिलता बढाई उनिहरुको स्वामित्वमा सञ्चालन गरेका उद्योगहरुको विवरण, त्यसको बार्षिक योजना, कार्यक्रम तथा बजेटको प्रति । |

| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ४. | महिला लगायत सीमान्तकृत समूहहरुलाई व्यवसाय सञ्चालन, बैंकिंग तथा वित्तिय कारोबार सम्बन्धी शिक्षा प्रदान गर्नुका साथै आधारभूत कानूनी क्षमता विकास गर्ने। | नगरपालिका तथावडाकार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | तालिमबारेको कार्य-योजना, प्रतिवेदन आदि। |
| ५. | उद्यमि महिलाद्धारा उत्पादित सामाग्रीहरुको बजारीकरणका लागि सहयोग गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | समन्वय वैठक, निर्णयहरुको प्रतिलिपिहरु, सहयोग बारेको सहमति दस्तावेजहरु,प्रतिवेदन आदि। |
| ६. | बैदेशिक रोजगारीमा गएका परिवारका महिलासदस्यहरु, बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको सीप, ज्ञान र आम्दानीलाई व्यवस्थित र पुनर्उत्पादन मूलक बनाउने। | नगरपालिका तथावडाकार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | समन्वय वैठक, निर्णयहरुको प्रतिलिपिहरु, सहयोग बारेको सहमति दस्तावेजहरु, प्रतिवेदन आदि। |
| ७. | सामाजिक लैगिंक भुमिका रुपान्तरण गर्ने खालका आर्थिक उपार्जनसँग महिलालाई जोड्न आवश्यक व्यवसायिक ज्ञान तथा सीप प्रदान गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | समन्वय वैठक, निर्णयहरुको प्रतिलिपि, व्यवसायीक ज्ञान तथा सीप प्रदान गरेकायोजना तथा प्रतिवेदनहरु, प्रगति प्रतिबेदनहरु। |







| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ८. | अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सशक्तिकरणका लागि अपाङ्गता लक्षित कार्यक्रमहरुको निर्माण गरि कार्यान्वयन गरिनेछ। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | कार्यक्रमहरुबारे कार्य-योजना तथा कार्यान्वयन प्रतिवेदन, प्रगति प्रतिबेदनहरु। |
| ९. | अपाङ्गता भएका ब्यक्तिहरुको क्षमता र सीपको पहिचान गरी उनिहरुले उत्पादन गरेको सामग्रीको बजारीकरण व्यबस्थापनमा सहयोग गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | उनिहरुले उत्पादन गरेको सामग्रीको विवरण, बजारीकरण व्यबस्थापन गरेका प्रतिवेदनहरु, प्रगति प्रतिबेदनहरु आदि। |
| **(ङ) विपद तथा महामारी ब्यबस्थापन गर्न कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने र सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामाअभिवृद्धि गर्ने।** | | | | |
| १. | अहिले भोगिरहेका र पछि आईपर्ने विपद तथा महामारी ब्यबस्थापन गर्न कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि। | समन्वय वैठक, निर्णयहरुको प्रतिलिपिहरु, कार्ययोजना तथा यसको कार्यान्वयन प्रतिवेदन, प्रगति प्रतिबेदनहरु आदि। |
| २. | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूआदिलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरणलाई थप प्रभावकारी बनाइने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | सामाजिक संरक्षण तथा सुरक्षा कार्यक्रमबाट लाभान्वित परिवारको तथ्यांक/संख्या, कार्यान्वयन तथा अनुगमन प्रतिबेदन आदि। |

| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ३. | सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्याङ्क संकलन तथा व्यवस्थापन गरिने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | सामाजिक संरक्षण तथा सुरक्षा कार्यक्रमबाट लाभान्वित परिवारको तथ्याङ्क/संख्या, कार्यान्वयन तथा अनुगमन प्रतिवेदन आदि। |
| ४. | सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | सामाजिक संरक्षण तथा सुरक्षा कार्यक्रमबाट लाभान्वित परिवारको तथ्याङ्क/संख्या, कार्यान्वयन तथा अनुगमन प्रतिवेदन आदि। |
| ५. | ज्येष्ठ नागरिक, दीर्घ-रोगी तथा अपाङ्गता भएका व्यक्ति आदिको सम्मान र सुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइने। | नगरपालिका तथा वडा कार्यालयहरु | यसै क्षेत्रमा कार्यरत गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | सामाजिक संरक्षण तथा सुरक्षा कार्यक्रमबाट लाभान्वित परिवारको तथ्याङ्क/संख्या, कार्यान्वयन तथा अनुगमन प्रतिवेदन आदि। |
| **(च) समाजमा विद्यमान लैंगिक, सामाजिक, संस्कृतिक आदिसंग सम्वन्धित नकारात्मक मूल्य, मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याउन सहयोग गर्ने।** | | | | |
| १. | समाजमा रहेका नकारात्मक कृति, अन्धबिश्वास, बाल श्रम, लैंगिक हिंसा, बालबिबाह, बहु- बिबाह, दाइजो, बोक्सी जस्ता अमानवीय प्रथा आदिको रोकथामका लागि कार्ययोजना तथा कार्यक्रम बनाई लागु गरिनेछ। | नगरपालिका तथा वडा कार्यालयहरु, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा आदि | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, गै.स.स., नागरिक समाज, निजी क्षेत्र, बिज्ञ समूह आदि। | यसबारे निर्णयको प्रतिलिपि, कार्ययोजना, कार्यक्रम आदिको विवरण तथा प्रतिवेदनहरु, प्रगति प्रतिबेदनहरु। |







| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| २. | समाजका असमान तथा विभेदकारी सामाजिक मुल्य-मान्यता, धारणा तथा व्यवहारहरु परिबर्तन गर्नका लागि प्रभावकारी तथा प्रमाणमा आधारित कार्यक्रमहरुको विकास गरी कार्यान्वयन गरिने। | नगरपालिका तथा वडा कार्यालयहरु, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा आदि | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | लैंगिक रुपमा असमान तथा विभेदकारी सामाजिक मुल्य-मान्यता, धारणा तथा व्यवहारहरु परिबर्तन गर्नका लागि प्रभावकारी तथा प्रमाणमा आधारित कार्यक्रमहरुको विवरण, कार्यान्वयन योजना तथा कार्यान्वयन पछिका प्रतिवेदनहरु। |
| ३. | समाजमा ब्याप्त छुवाछुत, सामाजिक कुरीति, अन्धबिश्वास, बाल श्रम, लैंगिक हिंसा, बालबिबाह, बहु-बिबाह, दाहिजो, बोक्सी जस्ता अमानवीय प्रथा आदिको रोकथामको लागि नीति तथा कार्यक्रम बनाई जनचेतनामूलक क्रियाकलाप तथा अभियानहरु सञ्चालन गरिने। | नगरपालिका तथा वडा कार्यालयहरु, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा आदि | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | लैंगिक तथा घरेलु हिंसा अन्त्यको लागि पैरवी तथा चेतनामूलक अभियान चलाएको प्रमाणहरुको साथै छुवाछुत, सामाजिक कुरीति, अन्धबिश्वास, बाल श्रम, लैंगिक हिंसा, बालबिबाह, बहुबिबाह, दाइजो, बोक्सी जस्ता अमानवीय प्रथा रोकथामको लागि बनाएको नीति, कार्यक्रम, बजेट तथा कार्यान्वयन गरेको प्रतिवेदनहरु र यस सम्वन्धि उजुरी पुस्तिका। |

| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ४. | सरकारी पदाधिकारी, कानून पालन गर्ने गराउने निकायहरु, धार्मिक एवं सामुदायिक नेताहरु र सर्बसाधारण जनताहरुलाई लैंगिक तथा यौनिक अल्पसंख्यक, लैंगिक पहिचान तथा अभिव्यक्ति, लैंगिक बिषेशताहरुको आधारमा हुने विभेद रघरेलु हिंसा आदिको बारेमा सचेतना, घरेलु तथा यौन हिंसा बिरुद्ध परिणाममा आधारित तालिमहरु उपलब्ध गराउने। | नगरपालिका तथा वडा कार्यालयहरु, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा आदि | गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | लैंगिक तथा घरेलु हिंसा अन्त्यको लागि पैरवी तथा चेतनामूलक अभियान चलाएको प्रमाणहरुको साथै छुवाछुत, सामाजिक कुरीति, अन्धबिश्वास, बाल श्रम, लैंगिक हिंसा, बालबिबाह, बहुबिबाह, दाइजो, बोक्सी जस्ता अमानवीय प्रथा रोकथामको लागि बनाएको नीति, कार्यक्रम, बजेट तथा कार्यान्वयन गरेको प्रतिवेदनहरु र यस सम्वन्धि उजुरी पुस्तिका। |
| ५. | लैंगिक तथा घरेलु हिंसा अन्त्यको लागि निरोधात्मक, प्रबर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनर्स्थापना गर्नुको साथै यसबारे बहस, पैरवी तथा चेतनामूलक अभियान चलाई सूचना संचारमा महिला लगायत अन्य बालबालिका सिमान्तकृत समूहरुको सहभागिता र पहुँच वृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने। | नगरपालिका तथा वडाकार्यालयहरु, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा आदि | गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | १.संचालन भएका कार्यक्रमहरुको योजना, प्रतिवेदन आदि। २. श्रोत परिचालन भएको विवरण, लाभग्राहीहरुको विवरण, माईन्युट, आपसी सहयोग र सहकार्य विवरण, बैठकका निर्णयहरु आदि। |







| सि. नं. | कार्यक्रमहरु | कार्यान्वयन गर्ने मूख्य निकाय | कार्यान्वयन गर्ने सहयोगी निकाय | सूचक तथा प्रमाणीकरणका आधारहरु |
|---|---|---|---|---|
| ६. | नगरपालिका भित्र कार्यरत महिला संजाल, लैंगिक निगरानी समूह, महिला सहकारी संस्था, महिला तथा सीमान्तकृत वर्ग आदिले नेतृत्व गरेका सामाजिक र सामुदायिक संघसंस्था गठन, सबलिकरण तथा बिस्तारमा सहयोग गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा आदि | गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | १.संचालन भएका कार्यक्रमहरुको योजना, प्रतिवेदन आदि। २.श्रोत परिचालन भएको विवरण,लाभग्राहीहरुको विवरण, माईन्युट, आपसी सहयोग र सहकार्य विवरण, बैठकको निर्णयहरु आदि। |
| ७. | महिला तथा बालबालिकाहरु बिरुद्ध हुने हिंसा, हानीकारक एवं विभेदकारी अभ्यासहरुको अन्त्य लगायतका लैंगिक अन्तरहरू सम्बोधनका लागि रअति सीमान्तकृत समुदायका महिलाहरुका सवाल सम्बोधनका लागि आर्थिक सहयोग गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा आदि | गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | महिला, बिपन्न तथा एकल महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको आर्थिक उत्थानमा लगानी गरेका प्रतिवेदनहरु आदि। |
| ८. | सबै प्रकारका हिंसा, विभेद, कुरीति, कुप्रथा विरुद्ध सचेतनामुलक कार्यक्रम संचालन गर्ने। | नगरपालिका तथा वडा कार्यालयहरु, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा आदि | गै.स.स., नागरिक समाज,निजी क्षेत्र, बिज्ञ समूह आदि। | बार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन आदि। |

अनुच्छेद -२

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माणको सन्दर्भमा गरिएको एकल तथा समूह केन्द्रित अन्तरक्रिया तथा अन्तर्वार्ताका लागि चेकलिष्ट/प्रश्नावलीहरु भेरीगंगा नगरपालिका, सुर्खेत**

**(क) एकल तथा समूह केन्द्रित अन्तरक्रियाका लागि चेकलिस्ट/प्रश्नावलीहरुः**

- संबिधान, स्थानीय सरकार संचालन ऐन आदिले दिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) सम्बन्धी कामहरु गर्न आवश्यक ऐन, कानुन, नीति, योजना, बजेट, संस्थागत संयन्त्र छ छैन ?
- स्थानिय सरकारले केन्द्र तथा प्रदेश सरकारसंग लै.स.सा.स. सम्बन्धित काम गर्न कसरी समन्वय गरिराखेको छ ?
- लै.स.सा.स.मूखि योजना तथा बजेट निर्माण प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, किशोर किशोरी तथाअन्य पिछडिएका लक्षित बर्ग समुदायहरुको अर्थपुर्ण सहभागिता, लाभ तथा परिणाममा समानता छ छैन ?
- लै.स.सा.स. सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आन्तरिक तथा बाह्य रुपमा विभिन्न सरकारी एबम् गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय कस्तो छ ?
- स्थानिय तहमा निर्वाचित जनप्रतिनिधिहरुले लै.स.सा.स. कार्यान्यन तथा मूलप्रवाहीकरणको लागि आवश्यक क्षमता विकास तथा सचेतिकरण छ छैन ? छैन भने यसलाई लै.स.सा.स. मूखि कसरी बनाउने ?
- स्थानिय सरकारले कार्यान्वयन गर्ने सम्पूर्ण कार्यक्रम, आयोजना, परियोजना आदिको अनुगमन तथा मूल्यांकन बिधि लै.स.सा.स.मैत्री छ छैन र छैन भने लै.स.सा.स. मैत्री कसरी बनाउने ?
- अन्य लै.स.सा.स.सम्बन्धी समस्याहरु/सवालहरु तथा समाधानका उपायहरु ?

(







**ख)अन्तर्वार्ताका लागि चेकलिष्ट :**

| सि.नं. | समूह | समस्याहरु | समाधान कसरी गर्ने ? |
|---|---|---|---|
| १. | स्थानिय विकास सम्बन्धी महिलाहरुले भोग्नुपरेका समस्याहरु ? | | |
| २. | स्थानिय विकास सम्बन्धी दलितहरुले भोग्नुपरेका समस्याहरु ? | | |
| ३. | स्थानिय विकास सम्बन्धी आदिवासी जनजातिहरुले भोग्नुपरेका समस्याहरु? | | |
| ४. | स्थानिय विकास सम्बन्धि जेष्ठ नागरिकहरुले भोग्नुपरेका समस्याहरु ? | | |
| ५. | स्थानिय विकास सम्बन्धि किशोर किशोरीहरुले भोग्नुपरेका समस्याहरु? | | |
| ६. | स्थानिय विकास सम्बन्धि एकल महिलाहरुले भोग्नुपरेका समस्याहरु? | | |
| ७. | स्थानिय विकास सम्बन्धि एकल जेष्ठ पुरुषहरुले भोग्नुपरेका समस्याहरु? | | |
| ८. | स्थानिय विकास सम्बन्धि अपाङ्गता भएका व्यक्तिहरुले भोग्नुपरेका समस्याहरु? | | |
| ९. | पहुँच नपुगेका वस्तीका समस्याहरु? | | |
| १०. | अन्य समस्याहरु ? | | |

(ग) विषय केन्द्रित छलफलका लागि चेक्लिष्ट :

| सि. नं. | बिषयबस्तु | समस्याहरु | समाधान कसरी गर्ने ? |
|---|---|---|---|
| १. | लै.स.सा.स.मूखि दृष्टिकोणबाट सामाजिक (शैक्षिक तथा मानव संसाधन, स्वास्थ्य तथा पोषण, खानेपानी सरसफाई,कला संस्कृति तथा भाषा, शान्ति सुरक्षा आदि) समस्यातथा समाधानका उपायाहरु ? | | |
| २. | लै.स.सा.स.मूखि दृष्टिकोणबाट आर्थिक तथा रोजगारीका समस्या तथा समाधानका उपायाहरु ? | | |
| ३. | लै.स.सा.स.मूखि दृष्टिकोणबाट भौतिक पुर्बधार विकास (यातायात, विद्युत, आवास तथा भवन, प्राकृतिक तथा मानव सिर्जित बिपद् व्यवस्थापन आदि) संग जोडिएका समस्या तथा समाधानका उपायाहरु ? | | |
| ४. | लै.स.सा.स.मूखि दृष्टिकोणबाट राजनैतिक समस्या तथा समाधानका उपायाहरु ? | | |
| ५. | अन्य कुनै समस्या तथा सुझावहरु ? | | |

**आज्ञाले,**

**कृष्णप्रसाद पोख्रेल**

प्रमुख प्रशासकीय अधिकृत